ISSN 2091-1629

मूल्य रु. ४५/-

गौरी मासिक

GAURI MASIK

वर्ष १९, अङ्क २, २०८० कातिक, पूर्णाङ्क २१०

निरन्तर २१०औं अङ्क

बडा दशैं शुभ तिहार तथा नेपाल संवत ११४४को हार्दिक शुभकामना

सर्वज्ञे सर्ववरदे सर्वदुष्टभयङ्करी ।

सर्वदुःखहरे देवि महालक्ष्मि नमोऽस्तु ते ॥

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
द्वारा प्रवर्द्धित
STC ग्याँस
तौल पूर्ण, सुरक्षा सम्पूर्ण
- ISI स्टाण्डर्डको भित्र बाहिर रवर कोट भै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुन: प्रयोग गर्न न सकिने प्लाष्टिक सिल भएको सिलिण्डर
- कम्प्यूटर प्राविधिबाट चल्ने प्लान्ट, तौलमा सोह्रै आना ढुक्क हुनुहोस्
गृहिणी
चामल
साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरु

हाम्रा समस्त ग्राहकहरुमा
बडा दशैं, शुभ दिपावली तथा
छठ पर्वको हार्दिक मंगलमय
शुभकामना
HOUSE PAINTS SUPPLIER
न्यु बी. आर. इन्टरप्राइजेज
मानभवन, ललितपुर
फोन– ५५३४२३०, ५४५३४०८


शुभकामना
नेपालीहरूको महान् पर्व बडा दशैं, शुभ दीपावली, नेपाल सम्वत ११४४ तथा छठ पर्व २०८० को पावन अवसरमा देश विदेशमा रहनुहुने समस्त नेपाली दाजुभाइ दिदीबहिनीहरूमा सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना अर्पण गर्दछु ।
हरिभक्त सिग्देल 'महेश'
हरिको घर, मण्डिखाटार, काठमाडौं

संवित परामर्श मण्डल
आबाल ब्रह्मचारी कविराज देवराज आचार्य
प्रा. शिवगोपाल रिसाल
डा. बिनु बाबा अर्याल
सल्लाहकार
श्रीमती गङ्गा कार्की
श्रीमती माधवी नेपाल
श्रीमती शिवा रिमाल
श्रीमती सीता श्रेष्ठ, खड्का
श्रीमती कमला बस्नेत
श्री नवराज लामिछाने
श्री मोहन चौधरी
प्रकाशक/सम्पादक
अर्जुन लामिछाने (९८५१०५३६०१)
व्यवस्थापक
बिदुरप्रसाद अधिकारी
सहयोगी
बिनीता पाठक
पार्वती सिलवाल
साजसज्जाः
बिपीन सोडारी (९८४९८५६२१०)
मुद्रकः किशोर अफसेट प्रेस
अध्यात्म ज्ञान लिनु र दिनु परम धर्म हो ।

एक प्रतिको रू. ४५/-
वार्षिक सदस्यता शुल्क रू. ५००/-
आजीवन सदस्यता शुल्क रू. ५,०००/-

ग्राहक बनेर गौरीको प्रकाशनमा टेवा पुऱ्याइ पुण्य कमाउनुहोस् ।

यस पत्रिकामा प्रकाशित लोख रचनाहरू लेखकका व्यक्तिगत विचार हुन्- सम्पादक

कार्यालय
भुवनेश्वरीमार्ग, पशुपति, काठमाडौं
फोन नम्बर- ९८०३८८८६६७, ९८०३०९२४१७
इमेलः- gauri_2062@yahoo.com / masikgauri@gmail.com

वितरक
विश्व स्वतन्त्र संचार
नयाँबानेश्वर, काठमाडौं, फोन नं.ः ९८५१०३०९७२

कर्णाली प्रदेशः सुर्खेत ९८६८८९२३४७ (चैतेजी)
सुदुर पश्चिम कैलाली ९८४९९०३०३३ (हरिजी)
नेपालगञ्जः ९८४८०९५०५९ (गङ्गादास)
वाग्मति प्रदेश हेटौंडाः ९८४५३००६०५
देवघाटधाम, तनहुँ ९८५१०३०९७२
मधेश प्रदेश बर्दिवासः ९८४९२१६२५५
कोशी प्रदेशः ९८०३०९२४१७ (लेखनाथ)

जि. प्र. का. द. नं. ५२/०६२/०६३

हे गौरि शंकरार्धाङ्गि यथा त्वं शंकरप्रिया ।
तथा मां कुरु कल्याणि कान्तकान्तां सुदुर्लभाम् ॥

वर्ष १९, अङ्क २, २०८०, पूर्णाङ्क २१०

कात्तिक २०८०

बुधबार	१	८	१५	२२	२९
बिहीबार	२	९	१६	२३	३०
शुक्रबार	३	१०	१७	२४	गौरी
शनिबार	४	११	१८	२५	गौरी
आइतबार	५	१२	१९	२६	गौरी
सोमबार	६	१३	२०	२७	गौरी
मङ्गलबार	७	१४	२१	२८	गौरी

गौरीको अनुरोध.....!

यस गौरी मासिकको बार्षिक या आजीवन सदस्यता लिएर पनि पत्रिका नपाउनु भएका पाठकवृन्दहरूले कार्यालयमा सम्पर्क गरी छुटेका पत्रिकाहरू संकलन गर्नुहुन अनुरोध छ ।

कार्यालयः भुवनेश्वरी मार्ग, पशुपति
सम्पर्कः ९८४१५३३७८७, ९८०३८८८६६७
९८५१०५३६०१

श्रीमद्भागवतमहापुराण

गुणदोषव्यवस्थाको स्वरूप र रहस्य

यो स्वर्गादि फलहरूको वर्णन गर्ने श्रुतिले त्यस्ता मानवलाई पुरुषार्थको रूपलाई भन्दैन र बहिर्मुख भएका मानिसहरूको मोक्षको उत्कट अभिलाषाले कर्महरूमा रूचि उत्पन्न गर्न त्यस्तो वर्णन गर्छ जस्तै तीतो औषधिमा रूचि उत्पन्न गर्नका लागि केटाकेटीहरूसित रोचक वाक्य भनिन्छ । यसमा कुनै शङ्का छैन कि विषय भोगहरूमा मानिस जन्मदेखि नै आसक्तछ र त्यो आसक्ति नै उसको आत्मोन्नतिमा वाधक छ । यस कारण स्वर्गादिको वर्णन सत्य छ यस्तो विश्वास गरेर कोही पनि विद्वान् मानिस अथवा वेद नै पनि पुनः उनीहरूलाई विषयहरूमा किन प्रवृत्त गराउलान् मन्दबुद्धि भएका मानिसले वेदको यो अभिप्राय बुज्न सक्तैनन् । उनीहरू त स्वर्गादि लोकहरूलाई नै परम फल मानेर त्यतातिर लम्किन्छन् (दगुर्छन्) । तर वेदवेत्ता मानिसले श्रुतिहरूको यस्तो तात्पर्य हो भनी भन्दैनन् । विषयवासनामा लिप्त भएका मानिसले स्वर्गप्राप्तिलाई नै सबै थोक हो भनी ठान्दछन् । अनि त उनीहरूलाई 'निजधाम', 'आत्मपद' को जानकारी होस त कसरी उनीसित साधना केवल कर्मको छ भने त्यस (साधना) को कुनै फल छ भने इन्द्रियहरूको तृप्तिमात्र यस्ता विषयलोलुप मानिसहरूले मेरो परोक्ष अभिप्राय नबुझेर हिंसाको खेल गर्छन् र दुष्टतावश आफ्ना इन्द्रियहरूको तृप्तिनिम्ति बध गरिएका पशुहरूका मासुले यज्ञ गर्ने ढोंग रच्दछन् ।

वास्तवमा स्वर्ग सपनाको दृश्यसरि असत्य हो तर सकाम मनुष्य जसै यो सुन्दछन् कि हामीहरू यस लोकबाट यज्ञहरूद्वारा स्वर्गमा जानेछौं र त्यहाँ आनन्द भोग गरिसकेपछि कुलीन, सम्पन्न परिवारमा जन्म लिनेछौं, अनि उनीहरूको चित्त क्षुब्ध भएर आउँछ र मेरा तर्फतिरबाट यति उदासीन भइहाल्छन् कि उनीहरूलाई मेरा विषयको चर्चासम्म पनि मन पर्दैन ।

उद्धव ! वेदहरूमा तीन काण्ड छन्- कर्मकाण्ड, उपासनाकाण्ड र ज्ञानकाण्ड । तर यी तीनै काण्डहरूद्वारा प्रतिपादित विषय एउटै छ । त्यो हो ब्रह्म र आत्माको एकता । वेदहरूका सबै मन्त्र र मन्त्रद्रष्टा ऋषि यसै विषयलाई गुप्तभावले भन्दछन् । वेदहरूको एउटा नाम 'शब्दब्रह्म' पनि हो किनभने ती मेरा मूर्ति नै हुन् । यस कारण तिनको रहस्य बुझ्न साह्रै कठिन छ । यति मात्रै होइन, ती समुद्र सीमारहित र साह्रै गम्भीर पनि छन् । मैले नैं वेदवाणीको विस्तार गरेको हुँ । भगवान् हिरण्यगर्भ स्वयम् वेदमूर्ति र अमृतमय हुनुहुन्छ । उहाँको अभिव्यक्ति स्वयम् अनाहत शब्द 'ॐ' कारद्वारा भएको छ । यो वाणीले वेद कर्मकाण्डमा के विधान गर्छ, उपासनाकाण्डमा कुन देवताहरूको वर्णन गर्छ र ज्ञानकाण्डमा कुन प्रतीतिहरूको अनुवाद गरेर तिनमा अनेक प्रकारको विकल्प गर्छ- श्रुतिहरूका यी सबै रहस्यहरूलाई मबाहेक अरू कसैले जान्दैन । वास्तवमा सबै श्रुतिहरूले कर्मकाण्डमा मेरै विधान गर्छन्, उपासनाकाण्डमा मेरै वर्णन गर्छन् र ज्ञानकाण्डमा आकाशादि रूपमा ममा नै अरू वस्तुहरूको आरोप गरेर त्यसको निषेध गरिदिन्छन् । सम्पूर्ण श्रुतिहरूको यही तात्पर्य हो कि मेरो आश्रय लिएर ममा भेदको आरोप गर्छन्, मायामात्र भनेर त्यसको अनुवाद गर्छन् र अन्त्यमा सबैको निषेध गरेर ममा शान्त भइहाल्छन् र केवल अधिष्ठानरूपमा म नै शेष रहिहाल्छु । क्रमशः

हार्दिक शुभकामना

नेपालीहरूको महान् पर्व बडा दशैं एवम् शुभ दिपावलीको पावन अवसरमा देश विदेशमा रहनुहुने समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति एवम् ऐश्वर्यको कामना गर्दै हार्दिक मङ्गलमय शुभकामना अर्पण गर्दछु ।

ज्यो. पं. नारायणप्रसाद तिमल्सिना
श्रीपशुपति ज्योतिष एवम् वास्तु परामर्श केन्द्र
भुवनेश्वरी काठमाडौं
सम्पर्क : ९८४१२६३६५९

सम्पादकीय

पर्व विशेषः विरोध र वास्तविकता

दशैं हाम्रो राष्ट्रिय पर्व हो । नेपालमा वर्षमा दुई पटक दशैं मनाइँदै आएको पाइन्छ- चैत्र शुक्ल पक्षमा मनाइने वासन्ती दशैं र आश्विन शुक्ल पक्षमा मनाइने शारदीय दशैं । आश्विन शुक्ल पक्षमा मनाइने दशैंलाई बडा दशैंको रूपमा पनि चिनिन्छ । हामी वि.सं. २०८० सालको बडा दशैं मनाउने क्रममा छौं । गत असोज २८ गते घटस्थापना गरिएसँगै यो वर्षको बडा दशैं हाम्रो घर आँगनमा भित्रिसकेको छ ।

दशैं पर्व विभिन्न आयामले महत्वपूर्ण मानिन्छ । यो पर्व आध्यात्मिक एवम् भौतिक दुवै दृष्टिकोणले महत्वपूर्ण छ । आध्यात्मिक दृष्टिकोणले यस पर्वलाई साधनाको पर्वको रूपमा लिइन्छ भने भौतिक दृष्टिले एक आपसमा सुख एवम् खुशी साटासाट गर्ने पर्वको रूपमा पनि लिइन्छ । विभिन्न बाध्यता एवम् परिस्थितिले परदेशिएका परिवारजन समेत यस पर्वमा आफ्ना मान्यजको हातबाट टीका ग्रहण गर्दै आशीर्वाद लिन घरफर्कने चलन छ । यस अर्थमा यो पर्व परिवार मिलनको पर्व समेत हो ।

हिजो आज दशैं पर्व विकृत रूपमा देखापरेको छ । दशैंको नाममा हुने देखासिकी एवम् फजुल खर्चले यस पर्वलाई थप विकृत बनाएको हो । मुलतः शक्तिको साधना गर्नुपर्ने पर्वमा साधना पक्ष लुप्त हुँदै गएको छ । यसैगरी खास परिस्थिति र नियममा गरिँदै आएको बलिलाई केवल मांसाहारको वहाना बनाइएको छ । बलिप्रथाको यथार्थ तान्त्रिक मर्म नबुझी यसलाई विकृत तुल्याइएको छ । यसले गर्दा विधर्मीहरूले यही बलिप्रथालाई इङ्गित गर्दै समग्र दशैं पर्वकै विरोध गर्दैआएका छन् ।

पर्वभित्रको मूल मर्म नबुझी यसको अवलम्बन गर्नु साथै यसको विशेषता नबुझी विरोध गर्नु सभ्य समाजका लागि दुबै घातक हुन्छ । तसर्थ बौद्धिक वर्गले पर्वविशेषको मूल मर्मलाई समाजमा सहज रूपमा बुझाउन र सोही अनुसार अवलम्बन गर्नगराउन जरुरी छ । अन्त्यमा दशैं, तिहार तथा नेपाल सम्वतको सम्पूर्ण पाठकवर्गमा हार्दिक मंगलमय शुभकामना ! अस्तु,

यसभित्र

अविच्छिन्न

श्रीमद्भागवत महापुराण २

सम्पादकीय ३

कविता

शुभकामना छ सबैमा धर्मानन्द भारवि ४

गीताज्ञान

सांख्ययोग आचार्य खेमराज केशवशरण ५

आध्यात्मिक वार्ता

भक्तहरूका साथ... श्रीमहेन्द्रनाथ गुप्त श्री 'म' ७

सम-सामयिक

सप्तशतीकी... सहप्रा. डा. विनुबाबा अर्याल १०

चिन्तन

दशैं कस्को पर्व हो ? हरिप्रसाद सोडारी १५

पर्व विशेष

यमपञ्चक प्रा. नवराज घिमिरे १८

समय सन्दर्भ

नेपालको राष्ट्रिय.... शारदारमण नेपाल २५

व्यक्ति/व्यक्तित्व

वेदव्यासको... डा. बद्री पोखेल २७

संस्कृति

नागेंचा प्वाख श्रीकृष्ण डंगोल २९

नियात्रा

श्रीरामकृष्ण.... विक्रमवीर थापा ३३

गतिविधि ३५

शुभकामना छ सबमा

धर्मानन्द भारवि

नेपाली जनजिन्दगी छ रसिलो छन् चाड धेरै हकि
साँच्चै चाख बडा दशैं छ भरिलो उत्साहिलो जिन्दगी ।
हामी शक्तिविषे झुकेर तपमा बस्छौं नि हुन् नौरथा
चण्डीपाठ हुने सबै घरघरै भित्रिन्छ झन् दौलथ ॥

हाम्रा हृदयका सबै घटविषे रित्तो कहाँ राख्तछौं ?
पैलो नै दिन स्थापना छ घटको श्रद्धा लिई भर्दछौं ।
मैलो हुन्न कतै सफा प्रकृति छिन् उस्तै हुनेछन् घर
सच्चा जाग्रत भावबिम्ब सबमा बढ्ने अहो निर्झर !

जुट्छौं देश- विदेशबाट घरमा हो मेलको पर्व नि
राख्छौं झन् जमरा सबै घरघरै छन् कोटपूजा पनि ।
श्रद्धाभाव हुने सबै हृदयले देवी पुकार्छौं हकि
हाम्रो चाड त शारदीय ऋतुले आलोक भर्ने छकि ?

अन्यायी जति छन् सबै खलविषे झस्को दिने चाड यो
जो छन् सज्जन- सज्जना हृदयमै उल्लास भर्नेछ यो ।
ढाल्छिन् शुम्भ-निशुम्भ-दानवहरू चण्डी यसै याममा
भर्छिन् नित्य उमङ्ग लोकभरमै सच्चाइले लोकमा ॥

हामी मान्य बडा सबै सुजनको टीका नि थाप्ने त हो
आशीर्वाद दिने- लिने गजबको सौभाग्यको चाड यो ।
हट्छन् नै रिसराग- द्वेष सबका दैवी कृपा जुट्तछ
नेपाली हुनुको मजा र महिमा सद्भावमै फुर्दछ ॥

हामी वीर हुने महामन हुने सत्प्रेरणा पाउँछौं
नेपाली घरमा अपूर्व कविता उल्लासमै गाउँछौं ।
यै हो चाड बडो सबै सहृदयी बन्छौं दशैंमा सब
साँच्चै हो शुभकामना छ सबमा होस् दिव्य झन् वास्तव ॥❖

-तीनथाना, काठमाडौं

गीता द्वितीय अध्याय

सांख्ययोग



–आचार्य खेमराज केशवशरण

बुद्धियुक्तो जहातीह उभे सुकृतदुष्कृते ।
तस्माद्योगाय युज्यस्व योगः कर्मसु कौशलम् ।५०।

अन्वयः बुद्धियुक्तः उभे सुकृतदुष्कृते इह जहाति । तस्माद् योगाय युज्यस्व, योगः कर्मसु कोशलम् ।

सरलार्थः बुद्धि (समता)ले युक्त साधकले पुण्य र पाप दुवैलाई जीवित अवस्थामै यहीं छोडिदिन्छ । त्यसैले तिमी पनि योगका लागि समर्पित होऊ । योग (समता) नै कर्म गर्दा प्राप्त हुने कुशलता हो ।

भावार्थचन्द्रिकाः योग अथवा बुद्धियोग दुवै शब्दले यहाँ समतालाई इङ्गित गरेका छन् । बुद्धियुक्त हुनुको अर्थ समतायुक्त हुनु हो । समतायुक्त साधकका लागि सुख, दुखः, अनुकूल, प्रतिकूल कुनैले पनि कुनै अन्तर पार्न सक्दैन । यी द्वन्द्वहरूमा समान रहने बुद्धियोगको स्थितिमा मानिसलाई न पुण्यले न पापले केहीले पनि

बन्धनमा पार्न सक्दैन । त्यसैले समता कर्म गर्ने फल हो । कर्महरू निरन्तर भइरहेका होउन् तर तिनको सिद्धिमा वा असिद्धिमा, तिनको फल प्राप्त भएमा वा नभएमा पनि समान रहने युक्त मन स्थितिमा रहने व्यक्ति सधैं मुक्तिको द्वारमा हुन्छ । उसलाई कुनै पनि कर्मले बन्धनमा पार्न सक्दैन । यसैलाई कर्ममा कुशलतारूप 'योग' मानिएको छ । यो त जीवनकै कला हो । कसरी कर्म गर्ने र कसरी निस्कने ? त्यसको सुन्दरतम दर्शन यही योग हो ।

कर्मजं बुद्धियुक्ता हि फलं त्यक्त्वा मनीषिणः ।
जन्मबन्धविनिर्मुक्ताः पदं गच्छन्त्यनामयम् ॥५१॥

अन्वयः बुद्धियुक्ता मनीषिणः हि कर्मजं फलं त्यक्त्वा जन्मवन्धविनिर्मुक्ताः अनामयं पर्द गच्छन्ति ।

सरलार्थः समतायुक्त मनीषीहरू कर्मबाट प्राप्त हुने फललाई त्यागेर जन्मरूप बन्धनबाट मुक्त भई शोक, रोग, मोह आदि कुनै विकार नभएको अनामय पद (मोक्षपद) मा पुग्दछन् ।

भावार्थचन्द्रिकाः कर्म कारण हो फल कार्य हो । कारण भएपछि कार्य पनि हुन्छ नै । कारण पछि आउने कार्यरूप फललाई कति नै नआइज भने पनि त्यो आइहाल्छ । विरूवा लगाएर मलजल र गोडमेल गरेपछि त्यसबाट उत्पादन हुने फल अवश्य प्राप्त हुन्छ । त्यसलाई कसैले अन्यथा गर्न सक्दैन । त्यसो भए यस श्लोकमा भनिएको कर्मबाट पैदा हुने फललाई त्याग्नुको अर्थ के होला भन्ने प्रश्न उठ्छ । कर्मबाट फल त अवश्य पैदा हुन्छ परन्तु उच्चकोटिको निष्काम कर्मयोगीहरू त्यसको प्राप्तिप्रति निरपेक्ष रहन्छन् । त्यो कर्मफलको चाहना त्याग्नु नै यहाँ कर्मबाट पैदा हुने फल त्याग्नु हो । परमात्माको भावनाबाट भक्ति भएका पवित्र आत्माहरू आफ्ना परमाराध्य प्रभुको सेवाको रूपमा कर्म गरेर त्यसैमा प्रसन्न हुन्छन् । त्यसको फलप्रति उनको मनमा कुनै चाहना नै हुँदैन ।

यदा ते मोहकलिलं बुद्धिर्व्यतितरिष्यति ।
तदा गन्तासि निर्वेदं श्रोतव्यस्य श्रुतस्य च । ५२।

अन्वयः यदा ते बुद्धिः मोहकलिलं व्यतितरिष्यति तदा (त्वं) श्रुतस्य, श्रोतव्यस्य च निर्वेदं गन्तासि ।

सरलार्थः जुन क्षणमा तिम्रो बुद्धिले मोहको

दलदललाई पार गर्ने छ, त्यसै क्षणमा तिमीलाई अहिलेसम्मका सुनिसकेका र भविष्यमा सुनिने सबै सुखसाधनहरूका बारेमा वैराग्य प्राप्त हुनेछ ।

भावार्थचन्द्रिकाः संसारका प्रिय जन, प्रिय वस्तु र परिस्थितिप्रतिको आसक्ति राखी तिनको संयोगमा सुख र वियोगमा दुःखको अनुभव गर्नु नै मोह हो । यस प्रकारको मोह बुद्धिमा जवसम्म रहिरहन्छ, तबसम्म नै मानिस संसारमा लठि्ठएको अवस्थामा हुन्छ । संसारका सम्पूर्ण बन्धुजन, धनसम्पत्ति सुखभोगका साधन, अनुकूल लागेका वस्तुहरू सबैसितको सम्वन्ध नाशवान् छ र एकदिन न एकदिन जानेर वा अनजानमा नछुटि नछोड्ने खालको छ भनेर अनुभव गरी अनासक्त मनःस्थितिमा पुग्दछ त्यसदिन उसलाई यथार्थको जानकारी प्राप्त हुन्छ । अंशी परमात्मा र अंश आत्मा बाहेक यहाँ कुनै वस्तु नित्य छैनन् । सबै नश्वर छन् भन्ने बुझेपछि साधक विवेक र वैराग्य प्राप्त गरेर संसारको क्षणभंगुरताप्रति सजग बन्दछ ।

संसारका सम्पूर्ण सुखसुविधाहरू प्रियभन्दा प्रिय व्यक्ति वस्तु र परिस्थिति सम्वन्धी कुराहरूको मुख्य रूपले श्रवणकै माध्यमबाट जानकारी प्राप्त हुने हुनाले यहाँ 'श्रोतव्यस्य च' भनेर उल्लेख भएको छ । क्रमशः

(आचार्य खेमराज केशवशरण वि.सं. २०७४ साउन १८ गते स्वर्गारोहण हुनुभएको हो । उहाँले लेख्नुभएको र उहाँकै पारिवारिक श्रोतबाट प्राप्त भएको गीताको भावार्थचन्द्रिका हामीले गौरीका प्रकाशनमा क्रमश प्रकाशति गरिरहेका छौं)

बडादशैंको शुभ-कामना

■ -प्रा. शिवगोपाल रिसाल ■

अनन्य होस् भक्ति प्रभा उदाओस्
अखण्ड आनन्द र शान्ति छाओस् !
आमा उमाको यही चाहना छ
बडादशैंको शुभ-कामना छ ‼

स्वाध्याय-सत्सङ्ग-सुधा पिएर
दिएर लौ दान, कृपा लिएर ।
दुर्गार्चनाले मन शुद्ध धन्य
शरीर होस् स्वस्थ सदा प्रसन्न ॥

काली र लक्ष्मी, शिव, शारदाको
सुदृष्टि पाऔं विजया, जयाको ।
अध्यात्मको ज्ञान सदा उदाओस्
नेपाल चारै तिर शान्ति छाओस् ‼

ब्रह्मात्म बुद्धि, शिवतत्त्व आज
कैवल्य मुक्तिपदमा विराज ।
हामी सबैको हित प्रार्थना छ
बडादशैंको शुभ-कामना छ ‼ ❖

-भैसेपाटी, ललितपुर

हार्दिक शुभकामना

विजया दशमी तथा शुभ दिपावली २०८० एवम् नेपाल संवत ११४४ को सुअवसरमा सम्पूर्ण वडाबासी महानुभावहरूको सुस्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

ख्यामराज तिवारी
तथा
काठमाडौं महानगरपालिका
२६ वडा परिवार
लैनचौर, काठमाडौं

भक्तहरूका साथ कीर्तनानन्द

–श्री महेन्द्रनाथ गुप्त श्री 'म'

निष्काम कर्म । संसारी तथा सोऽहं ।

आज बिहान पञ्चवटीमा दुईजना साधु आएका थिए। उनीहरू गीता-वेदान्त आदि यी सब पढ्छन् । दिउँसोको भोजनपछि श्रीरामकृष्णको कोठामा आएर दर्शन गर्दै छन् । श्रीरामकृष्ण आफ्नो सानो खटियामा बस्नुभएको छ । साधुहरूले प्रणाम गरे र जमिनमा बिछ्याएको चटाईमा बसे । मास्टर आदि पनि बसेका छन् । श्रीरामकृष्ण हिन्दीमा कुराकानी गर्नुहुन्छ । श्रीरामकृष्ण- के तपाईंहरूलाई सेवा भइसक्यो ?

साधु- हो, भइसक्यो ।

श्रीरामकृष्ण- के-के खानु भयो ?

साधु- रोटी, दाल । हजुर पनि खाने ?

श्रीरामकृष्ण- होइन, म त अलिकति भात खान्छु । तपाईंहरू जो जप-ध्यान गर्नुहुन्छ नि, ती सब निष्काम गर्नुहुन्छ होइन ?

साधु- हजुर, महाराज ।

श्रीरामकृष्ण- यही राम्रो हो । अनि फल ईश्वरलाई समर्पित गनुपर्छ होइन ?

साधु- (अर्का साधुसँग) गीतामा लेखिएको छ – यत् करोषि यदश्नासि यज्जुहोषि ददासि यत् ।
यत्पस्यसि कौन्तेय तत् कुरुष्व मदर्पणम् ॥

श्रीरामकृष्ण- उहाँलाई एक गुना जे कुछ दिन्छौ, त्यसको हजार गुना प्राप्त हुनेछ । यसैले सबै काम गरेपछि जलाञ्जली दिइन्छ, कृष्णका लागि फल अर्पण गरिन्छ ।

युधिष्ठिर, जब सबै पाप ताप कृष्णलाई अर्पण गर्न तयार भए, तब एकजना (भीम)ले रोके- यस्तो काम नगर्नु होस्, कृष्णलाई जे कुछ दिनुहुन्छ, त्यसको हजार गुना तपाईंलाई प्राप्त हुनेछ । अँ, निष्काम हुनुपर्छ होइन ? सबै कामनाहरूलाई त्याग गर्नुपर्छ होइन ?

साधु- हजुर, महाराज ।

श्रीरामकृष्ण- परन्तु मेरो त भक्ति-कामना छ । त्यो खराब होइन, राम्रो नै हो । गुलियो वस्तुहरूले खराबी गर्छन्, अम्लपित्त गर्छन् तर मिश्रीले उल्टै उपकार गर्छ । होइन त ?

साधु- हो, महाराज ।

श्रीरामकृष्ण- अँ, वेदान्त कस्तो हुन्छ ?

साधु- वेदान्तमा षडशास्त्र छन् ।

श्रीरामकृष्ण- तर, 'ब्रह्म सत्य जगन्मिथ्या' ब्रह्मसत्य हो र संसार झुटो, यही वेदान्तको सार हो ।

म कुनै अलग वस्तु होइन, म ब्रह्म हुँ । यही होइन त ?

साधु- हो, महाराज ।

श्रीरामकृष्ण- तर, जो मानिस संसारमा छन् र जसमा देहबुद्धि छ सोऽहम् भाव उनीहरूका लागि राम्रो हुन्न । संसारीहरूका लागि योग वाशिष्ठ वेदान्त राम्रो होइन, धेरै खराब हो । संसारीहरू सेव्य र सेवकको भावमा रहनेछन् । 'हे ईश्वर, तिमी सेव्य हौ, प्रभु हौ, म सेवक हुँ, तिम्रो दास हुँ' भनेर ठान्नुपर्छ । जसमा देहबुद्धि रहिरहन्छ, उनीहरूलाई सोऽहम्को राम्रो धारणा हुँदैन ।

सबै भक्तहरू चुपचाप बसेका छन् । श्रीरामकृष्ण आआफैं मन्द-मन्द मुस्काउनुहुन्छ । आत्माराम आफ्नै आनन्दमा मग्न रहुनुहुन्छ ।

एउटा साधु अर्कोको कानमा भनिरहेका छन्, "ए हेर, यसैलाई परमहंस अवस्था भन्छन् ।"

श्रीरामकृष्ण- (मास्टरसँग) हाँसो उठिरहेछ ।

श्रीरामकृष्ण बालक जस्तो भएर आफ से आफैँ हाँसिरहनुहुन्छ ।

कामिनी त्याग

साधुहरू दर्शन गरेर गए । श्रीरामकृष्ण, बाबुराम, मास्टर, मुखर्जीहरू, हरि आदि भक्त समुदाय कोठा र (दलान) बरन्डामा टहलिरहेका छन् ।

श्रीरामकृष्ण (मास्टर सँग)– के तिमी नवीन सेनकहाँ गएका थियौ ?

मास्टर– हजुर गएको थिएँ । तल बसेर सबै गानाहरू सुनिरहेको थिएँ ।

श्रीरामकृष्ण– तिमीले राम्रो गऱ्यो । तिम्री दुलही त्यहाँ थिइन् । केशव सेन उनको दाजुभाइ होइन ?

मास्टर– अलि टाढाको नाता हो ।

नवीन सेन आदि एकजना भक्तको ससुरालीपट्टिका कुनै नातेदार हुन् । मणिसँग टहलिँदै एकान्तमा श्रीरामकृष्ण उनीसँग कुरा गरिरहनुभएको छ ।

श्रीरामकृष्ण– मानिसहरू ससुराली जान्छन् । मैले पनि सोचेको थिएँ, विवाह गरौँला, ससुराली जाउँला, आनन्द मनाउँला तर के हुन गयो ?

मणि– हजुर, हजुर भन्ने गर्नुहुन्छ, छोरोले बाबुको हात समात्यो भने ऊ लड्न सक्छ तर बाबुले यदि छोराको हात समातेको छ भने ऊ लड्दैन । 'हजुरको अवस्था विलकुल यही हो । माताले त हजुरलाई सधैँ नै (हात) समाइरहनुभएको छ ।

श्रीरामकृष्ण– उलोको वामनदाससँग विश्वास परिवार कहाँ भेट भएको थियो । मैले भने, म तिमीलाई हेर्न आएको हुँ । जब फर्केर आएँ, सुने, ऊ भनिरहेको थियो, 'बाफ रे बाफ ! बाघले जसरी मानिसलाई अठ्याउँछ, त्यसै गरी ईश्वरले उहाँलाई समातेका छन् ! त्यसबखत नवजवान थिए, खुब मोटो थिए, सधैँ नै आनन्द भावमा मस्त रहन्थे ।

"ठूलो डर लाग्थ्यो । कसैलाई म नजिकै आउन दिन्नथेँ । अहिले त मनलाई धेरै तरहबाट सम्झाएर उनीहरूलाई माता आनन्दमयीकै मूर्तिका रूपमा हेर्छु ।"

"स्त्री भगवतीका अंश त हुन् तर पुरूषहरूका लागि विशेष गरेर साधुहरूका लागि र भक्तहरूका लागि उनी त्याज्य हुन् ।"

"चाहे ठूला दर्जाकी भक्तिनी किन नहून्, म स्त्रीहरूलाई धेरै बेरसम्म आफ्नो नजिक बस्न दिन्नँ ।

अलि बेरपछि भन्छु, जाओ, श्री ठाकुरजीको दर्शन गर । यतिमा पनि उठेर गएनन् भने, तमाखु खाने निहुँ गरेर म आफैँ उठेर जान्छु ।"

हेर्छु, कसै-कसैको मन त स्त्रीहरूतर्फ बिलकुल नै जाँदैन । निरञ्जन भन्छ, "मेरो त मन स्त्रीहरूतर्फ जाँदै-जाँदैन ।" "हरिसँग मैले सोधेँ अनि उसले पनि भनेको थियो, "अहँ, स्त्रीहरूतर्फ मन जाँदैन । जो मन परमात्मालाई दिनुपर्ने हो, त्यसको बाह्रआना स्त्रीतर्फ जान्छ । अनि केटाकेटी भएपछि त बाँकी रहेको मन पनि सब खर्च हुन जान्छ । यस प्रकार अनि परमात्माका लागि बाँकी के दिइयोस् ?"

स्त्रीको रखबारी हेरचाह गर्दागर्दै कसैलाई प्राणान्त कष्ट हुन जान्छ । पाँडे जमदार बुढो मान्छे छ, पश्चिमतिरको हो । उसकी स्वास्नी चौध वर्षकी छे । बुढोसँग उसलाई बस्नुपरेको छ । बस्नका लागि खरको एउटा पर्ण कुटी छ । खर च्याती-च्याती मान्छेहरू उसकी स्वास्नीलाई चियाएर हेर्छन् । अब त्यो आइमाई अरूसँग भागेकी छे ।

"म एकजनालाई चिन्छु, आफ्नी स्वास्नीलाई कहाँ डेरामा लागेर राख्ने, केही निर्णय गर्न सक्दैनथ्यो ।

घरमा ठूलो रडाको मच्चिएको थियो । ऊ ठूलो चिन्तामग्न छ । भइगो, यस कुराको अनावश्यक चर्चा नगरौँ ।"

"अनि आइमाईहरूका साथमा रहँदा नै उनीहरूको वशमा पर्नुपर्छ । आइमाईहरूका कुरामा संसारी मानिसहरू उठ-बस् गर्छन् । सबैका सबै आफ्नै बिबीको ठूलो तारिफ गर्न लाग्छन् ।"

"म एक ठाउँ जान चाहन्थेँ । रामलालकी काकी (श्रीसारदादेवी) लाई सोध्दा उसले नजानु भनिदिई, त्यसपछि मेरो जाने कुरा भएन । अलि बेरपछि सोचेँ, ए बाबा, मैले संसार-धर्म त गरेको छैन, कामिनी-काञ्चन त्यागी हुँ, यस्तोमा पनि मेरो यो हाल ! जो संसारी छ, परमात्मा नै जानून्, आइमाईहरूको वशमा ऊ कति होला ।"

मणि– कामिनी र काञ्चनमा फस्नाले केही न केही आँच त देहमा जरूर लागिहाल्नेछ । हजुरले भन्नुभएको थियो, "जय नारायण ठूला पण्डित थिए, बुढा भएका थिए,

म जाँदा देखेँ, घाममा तकिया, कम्बल आदि सुकाइरहेका थिए ।"

श्रीरामकृष्ण– तर उनमा पण्डित्याइँको अहङ्कार थिएन । अनि जस्तो उनले भनेका थिए, त्यहीअनुसार अन्त्यमा काशीवास गरे । मैले देखेँ उनका छोराछोरीहरूचाहिँ बुटमा ठाँटिएका थिए, अङ्ग्रेजी स्कुलमा पढे–लेखेका थिए ।

श्रीरामकृष्ण प्रश्नोत्तरहरूद्वारा मणिलाई आफ्नो बितेको उन्माद अवस्था बुझाउन लाग्नुभयो ।

श्रीरामकृष्ण– पहिले साँचिकै उन्माद थियो । अब किन घट्यो कुन्नि ? तर कहिलेकाहीँ आहिले पनि हुन्छ ।

मणि– हजुरको अवस्था एकै किसिमको त हुँदै–हुँदैन नै । हजुरले भन्नुभएको थियो । कहिले बालवत्, कहिले उन्मत्तवत्, कहिले जडवत् अनि कहिले पिशाचवत् । यिनै अवस्थाहरू कहिलेकाहीँ हुन जान्छन् । अनि कहिलेचाहिँ सहज अवस्था पनि नै भइहाल्छ ।

श्रीरामकृष्ण– हो बालवत् । अनि त्यसका साथै बाल्य, किशोर र युवा यी अवस्थाहरू पनि हुन जान्छन् । जब ज्ञानोपदेश दिन्छु, आफूलाई युवावस्थामा लाग्छ ।

"अनि बाह्र–तेह्र वर्षको किशोर अवस्थाको जस्तो ठट्टा पनि गर्न मन लाग्छ । यसैले लड्काहरूको बीचमा हँसी–ठट्टा चल्छ ।

"अँ नारायण कस्तो छ ?"

मणि– हजुर उसका सबै लक्षण राम्रा छन् ।

श्रीरामकृष्ण– डल्लोको राम्रोसँग गठन भएको छ, भने तानपूरा खुब राम्रोसँग बज्नेछ । ऊ मलाई भन्छ, हजुर नै सबथोक हुनुहुन्छ । जसको जस्तो घारणा छ, उसले त्यस्तै भन्छ । कोही भन्छन्, यिनी यस्तै साधारण साधु र भक्त हुन् । क्रमशः

अनुवादक– प्रा.डा. शङ्कुरराज पन्त, मैतीदेवी
श्रीरामकृष्णवचनामृतबाट अनुदित

हार्दिक शुभकामना

वि.सं. २०८० सालको विजया दशमी, शुभ दिपावली, नेपाल सम्वत ११४४ एवम् छठ पर्वको पावन अवसरमा नगरवासी दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति र समृद्धिको कामना सहित हार्दिक शुभकामना अर्पण गर्दछौं ।

शमशेर लामा
प्रमुख

देवेन्द्र लामा
उपप्रमुख

नीलमकुमार न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

'समृद्ध राप्ती नगरको आधारः कृषि, पर्यटन र पूर्वाधार'

राप्ती नगरपालिका
भण्डारा, चितवन

श्री संवत् २०८० सालको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिद्वारा निर्णय गरिएको दशैंको विभिन्न साइतहरू-

१) वि.सं. २०८० साल असोज २८ गते आइतवार नवरात्रारम्भ, घटस्थापना बिहान ११:२९ बजे (यो दिन चित्रा नक्षत्र र वैधृति योग समेत परेकोले घटस्थापना गर्नु अगाडि चित्रा नक्षत्र र वैधृति योगको शान्ति गरी घटस्थापना गर्नु शास्त्रसम्मत देखिन्छ)

२) वि.सं. २०८० साल असोज २९ गते सोमवार- झण्डा फेर्ने, बिहान १०:१९ बजे (पश्चिम मोहडा)

३) वि.सं. २०८० साल कार्तिक २ गते विहीवार श्री पचलीभैरव यात्रा ।

४) वि.सं. २०८० साल कार्तिक ४ गते शनिवार- फूलपाती, श्री तुलजाभवानी यात्रा, बिहान ८:२४ बजे

५) वि.सं. २०८० साल कार्तिक ५ गते आइतवार महाष्टमी, कालरात्रि

स्थिरासन, बिहान ९:३५ बजे

६) वि.सं. २०८० साल कार्तिक ६ गते सोमवार- महानवमी

७) वि.सं. २०८० साल कार्तिक ७ गते मङ्गलवार- विजया दशमी, देवी विसर्जन, बिहान १०:३७ बजे

टीका बिहान ११।२ बजे (पश्चिम मोहडा)

श्री तुलजाभवानी यात्रा, बिहान ९:१२ बजे

स्थिरासन बिहान १०:१३ बजे, खड्गयात्रा ।

८) वि.सं. २०८० साल कार्तिक १० गते शुक्रवार- अखिलबलिपूर्ति ।

९) वि.सं. २०८० साल कार्तिक ११ गते, शनिवार- कोजाग्रतव्रत ।❖

हार्दिक शुभकामना

नेपालीहरूको महान् पर्व बडा दशैं एवम् शुभ दिपावलीको पावन अवसरमा देश विदेशमा रहनुहुने समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति एवम् ऐश्वर्यको कामना गर्दै हार्दिक मङ्गलमय शुभकामना अर्पण गर्दछौं ।

वैदिक उद्वोधन संघ

चावहिल, काठमाडौं

हार्दिक शुभकामना

नेपालीहरूको महान् पर्व बडा दशैं एवम् शुभ दिपावलीको पावन अवसरमा देश विदेशमा रहनुहुने समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति एवम् ऐश्वर्यको कामना गर्दै हार्दिक मङ्गलमय शुभकामना अर्पण गर्दछौं ।

लामिछाने बन्धु समाज

जिल्ला कार्य समिति, काठमाडौं

विजया दशमी, शुभ दिपावली एवम् नेपाल सम्वत ११४४ को अवसरमा समस्त वडावासी दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति एवम् समृद्धिको कामना सहित हार्दिक शुभकामना !

जरूरी सूचना

१. काठमाडौं महानगरपालिकाले श्रम बैंक कार्यक्रम शुरू गरेको छ, उक्त कार्यक्रममा समावेस (सहभागी हुन) अनलाईन दर्ता वा वडा कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

२. काठमाडौं महानगरपालिकाले साथी महानगर कार्यक्रम शुरू गरेको छ, जसमा सहारा विहीन विभिन्न नगरवासीलाई विभिन्न सहयोग गरिन्छ ।



काठमाडौं महानगरपालिका

वडा नं ७

मित्रपार्क, काठमाडौं ।



सप्तशतीकी माता दुर्गा

-सहप्रा. डा. बिनु बाबा अर्याल

हामीले अनुशरण गर्दैआएको धर्म सनातन हो । हाम्रा पूर्वजले यही परम्परालाई निरन्तरता दिइआएको पाइन्छ । हिन्दु संस्कृति यस्तो संस्कृति हो जहाँ देवभन्दा पहिला देवीको नामलाई पुकारिन्छ । अर्को महत्त्वपूर्ण कुरा पनि छ, हिन्दुहरूले हरेक देवदेवीको पूजा, उपासना गर्दा अन्ततोगत्वा उसलाई परब्रह्मको साथमा एकत्व गरेको देखिन्छ । नत्र त्यो देव पूजा अधुरो रहन्छ । सबै कुरा एक ब्रह्ममा नै लय हुन जान्छ ।

शङ्कराचार्यले भन्नुभएको छ– एको ब्रह्म द्वितीयो नास्ति। संसारमा एक ब्रह्म नै व्याप्त छ, जसलाई जुन देवता या देवी मन पर्छ र चित्त बुझ्दछ, उसले त्यसैलाई नै ब्रह्मको स्वरूप सम्झेर उपासना गरेको हुन्छ । यस्तो साधकले आफ्नो ध्यानमय चित्तमा आफ्नो इष्टदेव या देवीलाई सजाएको हुन्छ र ध्यानमा लीन भएपछि जेजति आनन्द उत्पन्न हुन्छ । यही नै सिद्धिको लक्षण हो भन्ने कुरा अध्यात्मले बताउँछ ।

गीतामा पनि भगवान् श्रीकृष्ण त्यस्तै भन्नुहुन्छ, जसले जुन रूपमा उपासना गरे तापनि वस्तुतः म ब्रह्मस्वरूपलाई नै उपासना गरेको हुन्छ। वैदिक दर्शनको सबैभन्दा स्थापित धारले ब्रह्मा प्रकृति (पदार्थ बीज) र पुरूष (चेतन बीज) सधैं अन्तर्निहित हुने छ । प्रकृति र पुरूष दुवैलाई आफूमै लीन गरेर राख्ने ब्रह्म नै हो। यो निर्विकल्प हो, सत्य हो, उ स्वयं नै दृष्य प्रकृति र द्रष्टा (पुरूष) दुवैमा प्रतिविम्वित भएको हुन्छ । तिनै दुईमध्ये जगत्मा रूपले शोभायमान हुने दृश्य जगत्लाई प्रकृति भनिएको हो र ज्ञान स्वरूप वा द्रष्टा स्वरूपलाई पुरुष भनिएको हो । यहाँ यो पनि भन्नु पर्दछ कि पुरूष लिङ्गको अर्थमा प्रजननमा वंशाणुदाता र प्राणरक्षक बीउको मात्र योगदान गर्नेतिर गर्भधारक, पालक पोषणको अर्थमा स्त्री आमा वा प्रकृतिको भूमिका निर्वाह गर्ने पक्षको प्रतिनिधित्व गर्दछ। अनि खास स्थापित देवीका नामसँग भगवती जोड्नु र खास स्थापित देवताका नामसँग भगवान् जोडिनु पनि उपयुक्त हुन्छ । देवी लक्ष्मी, देवी सरस्वती, देवी दुर्गा भगवान् विष्णु, भगवान् शिव, भगवान् श्रीकृष्ण, भगवान् राम आदि यस्ता जोडाका उदाहरणहरू हुन् । यसैको सिलसिलामा शैव परम्परामा चैतन्य शिव र प्रकृति शक्ति मिलेर बनेको शिव शक्तिबाट यो सृष्टिले विचित्रता पाएको मानिन्छ। शिवका अनेक रूप भए जस्तै शक्तिका पनि अनेक रूप छन् ।

शक्तिका अनेकौं रूपहरूमध्ये एउटा पार्वती रूप मानिन्छ । जुन रूपमा शक्ति दयालु, कृपालु छिन् भने शक्तिको अर्को रूप दुर्गा चाहि सुन्दरी, योद्धा एवम् पराक्रमी देवी भएको मानिन्छ । शक्तिको तेस्रो रूप हो काली, जो भयानक डरलाग्दो रूपकी संहारकार विध्वंसक देवी मानिन्छिन् । दुर्गाको अवतरणको उद्देश्य समाज, अव्यवस्थित गर्ने आसुरी शक्तिहरूको दमन हो ।

भगवान् श्रीकृष्णले गीतामा प्रतिज्ञा गर्नुभएको छ कि जबजब धर्ममा हानि नोक्सानी हुन्छ, तबतब धर्मलाई विनाशबाट बचाउन र धर्म संस्थापनाको लागि मनुष्य रूपमा म अवतार धारण गर्दछु । दुर्गाले पनि मार्कण्डेय पुराणमा यस्तै प्रतिज्ञा गर्नुभएको पाइन्छ। दुर्गाको चरित्रबाट विदित हुन्छ कि उहाँले आफ्नो प्रतिज्ञा पूरा गर्नुभयो र अत्याचार अन्याय, अनाचार आदिको प्रतीक आसुरी शक्तिहरूको विनाश गर्नुभयो । अतः देवीको युद्धकालीन रूपको नाम नै दुर्गा हो । उहाँ नै मूल शक्ति हुनुहुन्छ । जो विभिन्न आवश्यकता अनुसार विभिन्न रूप धारण गर्नुहुन्छ ।

दुर्गाः दुर्गति नाशिनी हुन् । दुर्गामा रहेको दु को अक्षर दारिद्र, दुःख, दुर्व्यसन आदि दैत्यहरूको नाशको प्रतीक हो। रेर्फ को अर्थ रोग्धन हो भने 'गा'ले पाप अन्याय

अत्याचार अधर्म आलस्यादि आसुरी प्रकृतिहरूको नाश गर्ने बताउँछ । पृथ्वीमा दुर्गाको अवतरणको उद्देश्य समाजलाई अव्यवस्थित गर्ने आसुरी शक्तिहरूको दमन हो । दैत्यहरूले हासिल गरेका परम शक्तिशाली हतियारहरूबाट हाहाकार मच्चिरहेको विषम परिस्थितिमा साधुजन र देवगणहरूको आर्तनादमा शक्ति स्वरूपा भवानीले शरणागतहरूको उद्धार र विषम शक्तिको संहार गर्नुभएको कुराबाट शक्तिको सतत् क्रियाबाट सृष्टिको उत्पत्ति र विनाश भएको पुष्टि हुन्छ ।

शक्तिसँग सम्वन्धित पर्वको रूपमा हामी दशैं पर्व मनाउँछौं । दशैंरूपी यो चाडको मुख्य नायिका महामाया भगवती दुर्गा हुन् । दुर्गा शक्तिका नौ रूप छन् । जसलाई नवदुर्गा भनिन्छ । शक्तिकी अधिष्ठात्री दुर्गा देवीका शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कुष्माण्डा, स्कन्दमाता, कात्यायनीदेवी, कालरात्री, महागौरी र सिद्धिदात्री देवी गरी नौवटा नाम छन् । यिनै नौवटा रूपको पूजा गरिने नौ दिनलाई नवरात्र भनिन्छ ।

नव शब्दले नौ संख्यालाई बुझाउँछ भने रात्र शब्दले रात्रि अर्थात् काल विशेषलाई जनाउँछ । चैत्र, आषाढ, आश्विन र माघमा गरी चार प्रधान नवरात्र पर्दछन् । एक वर्षका ३६५ दिनमा ४० वटा नवरात्र पर्दछन् । ती मध्ये नवदुर्गा पूजाको निमित्त चैत्र शुक्ल र आश्विन शुक्ल उत्तमकाल मानिएका छन् । प्राकृतिक रूपमा एक वर्षको १२ महिनाहरू ६ वटा ऋतुहरूमा बाँडिएको छ । जस अनुसार जेठ-असार ग्रीष्म, साउन-भदौ वर्षा, असोज कात्तिक शरद, मङ्सिर-पुस हेमन्त, माघ-फागुन शिशिर र चैत- वैशाख वसन्त ऋतुहरू पर्दछन् । छ वटा भए पनि मुख्यतया दुइटा ऋतुहरू शीत ऋतु (सर्दी), ग्रीष्म ऋतु (गर्मी) महत्त्वपूर्ण छन् । जसमा कृषि- अर्थ व्यवस्थाको दृष्टिबाट पनि प्रकृतिबाट गहूँ (गर्मी), चामल (सर्दी या ठण्डी) उब्जाउ हुन्छ । जसबाट शक्ति प्राप्त हुन्छ ।

मुख्यतया दुईवटा नवरात्र १. नवगौरी या परब्रह्म श्रीरामको नवरात्र र २. नवदुर्गाको नवरात्र सर्वमान्य भएको छ । जसको अर्थ हो नौ दिनसम्म देवी दुर्गाको पूजा, उपासना गरेर आफूमा शक्ति भर्ने, जव आफू भित्रको शक्ति उजागर भएर उत्कर्षमा पुग्दछ, तव उसको उद्देश्यले सफलता प्राप्त गर्दछ । स्वयं भगवान् श्रीरामले नारदजीका परामर्शले रावण मार्न विजय प्राप्ति हेतु नवरात्रको अनुष्ठान गर्नुभयो । भगवतीको वरदान प्राप्त गरेर भगवान् श्रीरामले विजय प्राप्त गर्नुभयो । देवीको महिमायुक्त यो प्रसंग देवी भागवत्को तृतीय स्कन्द अन्तरगत वर्णन गरिएको छ । नवरात्रमा अखण्ड दीप जलाएर अन्धकार हटाई विजयाको रूपमा आत्मविजयको उत्सव मनाउँछौं ।

मार्कण्डेय पुराण शाक्त परम्परामा आधारित पुराण हो । जसमा चण्डी शप्तशतीको विस्तृत वर्णन गरिएको छ । यस पुराणको ८० देखि ९३ सम्मका १३ अध्यायमा दुर्गा सप्तशतीको रूपमा महामाया भगवतीको विशेषताका वर्णनमा ७०० श्लोक खर्चिएको छ । यसैका आधारमा यसलाई सप्तशती भनिएको हो । राज्य भ्रष्ट भई विरक्तिएर हिंडेका सुरथ राजा र घर परिवारबाट निकालिएका समाधि वैशयलाई सुमेधा ऋषिले बताएका परब्रह्मस्वरूपिणी भगवतीको कथा नै दुर्गा सप्तशतीको विषय हो ।

भगवती दुर्गाको सहयोगमा विष्णुले मधु र कैटभ दानवलाई वध गरेको, उनै भगवतीद्वारा महिषासुर, शुम्भ, निशुम्भ आदि दानवललाई समाप्त पारेको प्रसङ्ग छ भने

यो सप्तशतीको विषय भनेको ब्रह्म, जीव र मायाको प्रसङ्ग हो । जस्तो सुरथ राजा भनेको माया या सांसारिक प्रपञ्चमा फसेर दुःख पाएको जीव हो । उनीसँग दुःखको संसारबाट मुक्त हुन सक्ने रथ अर्थात् शरीर छ तर त्यसलाई आफ्नो नियन्त्रणमा राख्न नसकेर छटपटाएर हिंडेको छ । त्यस्तै समाधि वैश्य मुक्ति वा ब्रह्मको खोजीमा हिंडेको जीव हो । त्यसैगरी सुमेधा ऋषि भनेको आफ्नो मेधाशक्तिलाई प्रयोगमा ल्याएर ब्रह्मतत्त्वको वोध गरेको ज्ञानी जीव हो ।

सप्तशतीमा उल्लेखित पात्रहरूको चरित्रलाई नियाल्दा मधु र कैटव दानव भनेको माया र मोहमा लिप्त भएको जीव हो । अहंकारको कारणले आफ्नो शक्तिको दुरूपयोग गरेर विष्णुको हातबाट आफैंलाई समाप्त पार्न पुगेका छन् भने महिषासुर क्रोधको प्रतीक हो । माता भगवतीले सम्झाउन खोज्दा खोज्दै पनि क्रोधावेशको कारणले भगवती माथि जाइलाग्दा भगवतीको हातबाट मृत्यवरण गरे । शुम्भ र निशुम्भ भनेको कामको प्रतीक हो । काम वासनाले अन्धो भएको व्यक्तिले आफूले आफैंलाई नै नष्ट पार्दछ । वासनाको कारण उनीहरूले आफूले आफैंलाई नियन्त्रणमा राख्न नसक्दा माता भगवतीको हातबाट ज्यान गुमाउनु पऱ्यो ।

धुम्रलोचन, चण्डमुण्ड, रक्तवीज आदि शुम्भ निशुम्भका सहयोगीका रूपमा देखिएका पात्र हुन् । ती पनि प्रतीक नै हुन् । धुम्रलोचन भनेका नराम्रो आँखा वा दृष्टि भएको हो । आँखाले नै पाप धर्मको पर्दा खोल्दछ । हुन त नाक कान मुख छाला आदि अन्य इन्द्रिय पनि सहयोगी हुन सक्दछन् यसमा सबैभन्दा पहिलो शक्तिशाली भने आँखा नै हुन्छन् ।

चण्डमुण्ड भनेको अज्ञानका प्रतीक हुन् । अज्ञानले वासनामा फसाउन सक्षम हुन्छ । उनीहरूले गरेको कार्य पनि त्यस्तै हुन्छ । त्यसपछि आउने रक्तबीज त आफैं वासना भइहाल्यो । वासनाको आगो त कहिल्यै निभ्दैन झन झन लप्का भएर माथि माथि फालेर भष्म नै पार्दछ । रक्तबीजको जति थोपा रगत चुहिन्थ्यो उतिवटा दानवहरू खडा हुन्थे भन्ने मानिएको छ । यस्तो देवासुर संग्राम हरेक युगमा हरेक समयमा र हरेक मनुष्यको मनमा भइरहन्छ । असुर शक्तिशाली शत्रु भए पनि अन्त्यमा देवत्वको नै विजय हुन्छ । विजय जब हुन्छ, बुद्धिमा आत्म परायणतालाई लिइन्छ । यही हो दैवी शक्तिको कथाको सारांश । यी सबैलाई समेटेर संक्षेपमा भन्नुपर्दा इन्द्रियलाई अधिनमा राख्न नसक्दा जति पनि उपद्रो, नाश, विनाश आदि हुन्छ । अतः आफ्नो इन्द्रियलाई आफूले आफ्नो अधिनमा राख्दा अकालको मृत्युको स्थानमा अनन्त अनन्त जीवनले अनन्त अनन्त समयसम्म मुस्कुराउन पाउँछ ।

शक्ति दुई प्रकारको हुन्छ, पाशविक र मानवीय । पाशविक शक्तिबाट काम त हुन्छ तर त्यसमा विवेक, चेतना शुन्य हुन्छ । कोही व्यक्तिमा भएको यस्ता पाशविक शक्तिले राक्षसी व्यवहार हुन्छ । मानवीय शक्तिको दुई रूप हुन्छ– चेतनको विकास र चमत्कारको प्रयोग । चमत्कारद्वारा शक्तिको प्रदर्शन हुन्छ, तर त्यसको सही उपयोग हुँदैन । जो व्यक्तिले चमत्कारी शक्तिको प्रयोग गर्दछ, त्यस्तोलाई जादुगरी इन्द्रजाली भनिन्छ । ती सबै क्षणिक हुन्छन् । शक्ति जड पदार्थमा पनि हुन्छ । जडलाई आफ्नो शक्तिको बोध हुँदैन । तर चेतन प्राणीलाई आफ्नो शक्तिको बोध हुन पनि सक्छ र नहुन पनि सक्छ । तर शक्तिको अक्षय स्रोत आत्मा या चेतना नै हो । त्यस्तो शक्ति प्रत्येक आत्मावान्सँग हुन्छ । तर उसले उसलाई चिन्न नसक्दा स्वयंलाई दीनहीनको अनुभव गर्दछ ।

आत्मानन्दको अनुभूति त्यस व्यक्तिलाई हुन सक्छ जसले आफ्नो चिन्मय आनन्दमय र शक्तिमय आत्मालाई साक्षात्कार गर्दछ । अध्यात्मको उद्देश्य नै अतीन्द्रिय चेतनाको विकास हो । शरीर भौतिक छ, आत्मा आध्यात्मिक छ । जीवन बाहिरबाट हेर्दा भौतिक छ, भित्रबाट हेर्दा आध्यात्मिक छ, बाहिरबाट हेर्दा सांसारिक छ, भित्रबाट हेर्दा धार्मिक छ । जबसम्म हामी भौंतारिरहन्छौं, हामी सही स्थानमा पुग्दैनौं । हाम्रो आत्मास्वरूप सानो छ । झिल्को रूपमा छ । यी आत्माले परमात्मा बुझाउँछ । जब हामीले आत्मारूपी आफूलाई चिन्दछौं, तब मात्र परमात्मा परमेश्वर चिन्न सकिन्छ । परमात्मालाई अग्निपुञ्जको रूपमा लिने हो भने जीवात्मालाई अग्निको झिल्काको रूपमा लिन सकिन्छ । वास्तवमा अग्निपुञ्ज पनि आगो हो भने झिल्को पनि आगो नै हो । यो एउटै आगोका दुई रूप मात्र हुन् । यहाँ आगो ठूलो रूपमा देखिएको छ । समुद्र र एक एक थोपा पानी वा समुद्र भन्नु नै एक थोपा पानी पनि हो भने एक थोपा पानी पनि समुद्र नै हो । अतः यदि आफू (आत्मा)लाई हटाइदिने हो भने परमात्मा भन्ने कुरा रहँदैन । त्यसैले वेदमा अहं

ब्रह्मास्मि अर्थात् म नै ब्रह्म हुँ भनेको हो । यसरी स्पष्ट हुन्छ कि आत्मा (आफू) र परमात्मा (ईश्वर) भनेको एउटै हो ।

जीवात्मा(हामी) चेतन शक्तिको एक एकाई अंश हो भने परमात्मा चेतन शक्ति कै एक विराट स्वरूप हो । यसकारण आत्माको बोध हुनु नै परमात्माको बोध हुनु हो अर्थात् आत्मबोध हुने बित्तिकै परमात्मा र हामी (आत्मा) बीचको दुरी समाप्त हुन्छ । जसरी बत्ती बल्ने बित्तिकै अन्धकार समाप्त हुन्छ । पूर्ण भनेको सर्वत्र र सदा व्यप्त रहने र कहिल्यै खण्डित नहुने तत्त्व हो । पूर्णबाट सृष्टि भएको जगत् पनि पूर्ण नै हुन्छ । परमात्माबाट नै सम्पूर्ण जगत् परिपूर्ण छ । जसरी वरफमा जलदेखि भिन्न अन्य कुनै बस्तु छैन/हुँदैन, त्यसैगरी जगत्मा परमात्मादेखि भिन्न वस्तु केही पनि छैन । जीवनको मूलभूत आवश्यकता भनेकै कर्म भित्र पूजा र सेवाभित्र धर्म खोज्नु हो । मानिसको जीवनलाई दुर्लभ र महान् मान्नुको कारण हामीमा रहेको बुद्धि र विवेकको शक्ति नै हो । शक्तिसँग सम्वन्धित दशैंरूपी यो चाडको मुख्य नायिका महामाया भगवती दुर्गा हुन् । मार्कण्डेय पुराण शाक्त परम्परामा आधारित पुराणमा चण्डी सप्तशतीको विस्तृत वर्णन गरिएको छ । यस कथाको अर्थ मार्मिक र ज्ञानवर्द्धक पनि छ ।

आधिभौतिक अर्थ- आधिभौतिक रूपमा यसको स्पष्ट तात्पर्य यो हो कि संसारमा सधैंभरि दैवी शक्तिहरूका साथमा आसुरी शक्तिहरूको पनि प्रादुर्भाव एवम् संघर्ष चलिरहन्छ । असुर या दुष्ट स्वभावको व्यक्ति धेरै नै उग्र, आक्रमणकारी, धूर्त हुन्छन् । प्रायः आरम्भमा दैवी शक्तिलाई दवाउँछन् । पीडा, कष्ट दिन्छन् । किनकि उनीहरू स्वभावैले अहंकारी स्वार्थी, दोस्रोलाई उत्पीडन दिने रूवाउने हुन्छन् भने देवताहरूमा, सज्जनहरूमा त्याग, तपस्या, परोपकार विश्व कल्याणको भावना भएको कारणले अन्तिम विजय देवता या सज्जनले गर्दछ, अर्थात् सत्यकै जीत हुन्छ ।

आधिदैविक अर्थ- आधिदैविक दृष्टिबाट देवी सप्तशतीको कथाको आशय यो हो कि सृष्टिको मूल आधार सूर्य हो, सूर्यको प्रादुर्भावभन्दा अगाडि अन्धकार या आसुरी भावले सृष्टि रोकिरहेको थियो जब सूर्यको उदय भयो तब असुर भाव नष्ट भएर दैवी भागको उदय भयो ।

आध्यात्मिक अर्थ- मनुष्यभित्र रहेका राम्रा नराम्रा वृत्तिहरूबिच संघर्ष र मानसिक हलचल भइरहन्छ । भौतिक लाभ र सुखको प्राप्तिको लागि अनुचित तरिका अपनाउनु वहुंख्यक मनुष्यहरूको स्वभाव नै हुन्छ । जीवन जिउनुको सार नै ऐश्वर्य, वैभव प्राप्त गर्नु हो, तिनको भोग गर्नु हो किनकि मरेपछि के हुने हो अनिश्चित छ । जे छ यही जीवन हो भन्ने तामसी अहंभावमा रहेको हुन्छ । यस्तो तामसी र स्वार्थान्धताको विचारको नाम नै महिषासुर हो जसले आत्माको सद्प्रवृत्तिलाई दवाएर दूषित भावना लिएर राज्य गर्दछ । यस्तो दूषित अहंभावबाट छुटकारा पाउन मनुष्यले समस्त दैवी शक्तिहरूको आराधना उपासना गर्नु पर्दछ । तव शक्तिरूपिणी देवी दुर्गाले एक एक गरेर दुर्विचाररूपी सेनाको संहार गर्दछिन् । देवासुर संग्राममा पराजित देवताहरूबाट पुजित दुर्गाले दानवराज महिषासुर लगायत शुम्भ निशुम्भ, चण्ड, मुण्ड आदि असुरहरूलाई नष्ट गरी तीनै लोकमा अमनचयन कायम गरेकोले मातृशक्तिरूपी विजया दशमी अर्थात् बडा दशैंको महत्त्व स्थापित हुन गएको छ । यो चाड देवता र दानव बीचको संघर्ष अथवा दानवी प्रवृत्तिमाथि दैवी प्रवृत्तिको र अन्धकार माथि प्रकाशको विजय हो ।

बहुसंख्यक नागरिक हिन्दु भएको नेपालमा यस देशको धार्मिक गरिमालाई हृदयंगम गरी हिन्दु धर्मावलम्बीहरूले आफ्नो सनातन हिन्दु परम्परालाई सवल राख्न सबै एक जुट हुनुपरेको छ । आध्यात्मिक चेतना, आचरण र विवेकको प्रकाश धिपधिपाई रहेको वर्तमान समयमा मानिसको मन भय, त्रास, द्विविधा र शंकाले उद्धेलित भैरहेको अनुभव हुँदैछ । वास्तवमा शक्ति भनेको त्यो होइन र त्यस्तो हुनु पनि हुँदैन । समाजलाई नैतिक चारित्रिक र आध्यात्मिक ज्ञान प्रदान गरी व्यक्तिको अस्तित्व व्यक्तित्वमा उन्नति हुने किसिमको शक्ति हुनु नितान्त आवश्यक हुन्छ ।❖

बत्तीसपुतली, काठमाडौं

सन्दर्भ सामग्रीः

१. पूर्वीय दर्शन विमर्श– कमल रिजाल
२. डा. राजवली पाण्डेय, हिन्दु धर्मकोश, उत्तरप्रदेश, हिन्दि संस्थान, लखनउ, ई. सन् १९८८
३. हरिराम जोशी, नेपालका चाडपर्व, जोशी रिसर्च इन्स्टिच्युट, वि.सं. २०६०
४. पूर्वीय दर्शनको पुनर्व्याख्या, डा. प्रमोद ढकाल
५. पं. सरयुप्रसाद द्विवेदी (सन् १९८६) सप्तशती सर्वस्वाम् प्राच्यप्रकाशन, वाराणसी

दशैं कसको पर्व हो ?

—हरिप्रसाद सोडारी

केही वर्षयता भूगोल, धर्म, गुरू, शास्त्रलाई पार्टी, पन्थ, जातका आधारमा बुझ्नै नसक्ने गरी विभाजित गराएका छौँ । राजनीतिले गलेको, पार्टीहरूले शोसेको, दलहरूले विभाजित गराएको नेपालमा पर्व पनि व्यक्ति, जाति र पेशाविशेषको बनाइएको छ । बुद्धपूर्णिमा, ल्होसार, उधौलीउभौली, म्हपूजा, दशैँ, तिहार नेपालभूमिमा आदिमकालदेखि यहीँका शास्त्रका आधारमा मनाउँदै आएकाले यसलाई विभाजित गर्नु दुर्भाग्यपूर्ण हो । वेदमा शरदसम्पादको चर्चा भएकाले दशैँको जन्म प्राचीन हो भन्ने विषयमा शंका छैन । नौँ दिनसम्म नवदुर्गाको पूजा गरेर पञ्चविकारमाथि विजय गर्ने भएकाले यसलाई विजयादशमीका नामले पनि चिनिन्छ ।

आश्विनशुक्ल प्रतिपदाका दिन विधिपूर्वक घटस्थापना गरिन्छ । मार्कण्डेयपुराणअन्तरगत पर्ने दुर्गासप्तशती (चण्डी) पढेर देवीको उपासनासहित जमरामा पानी राखिन्छ । विशेषतः जौलाई उमार्ने भएकाले यसलाई जमरा भनिएको हो । पूर्वी नेपालदेखि पश्चिमसम्म विभिन्न गढी, कोट, किल्ला, युद्धमुकामहरू छन् जहाँ काली वा दुर्गाका मूर्ति भेटिन्छन् । कोटमा रहनेलाई कोटकाली, गढीमा बस्नेलाई गढीमाई, जंगलमा रहनेलाई विन्दवासीका नामले अझैँ पनि पूजाआजा गरिन्छ । यी कोटहरूमा दुर्गासप्तशती पाठ गराउने, देवीको पूजा गराउने चलन आधुनिक नेपालको एकीकरणपूर्वदेखि थियो भन्ने तथ्य हाम्रै भूमिले बताउँछ । यही भूमिमा पाठ गर्ने पुस्तक एवं पुज्ने देवीले नै बताउँछन् कि दशैँ हाम्रो भूगोलको पर्व हो । यसले शक्तिलाई जगाउँछ, ऊर्जालाई बढाउँछ, नेपालीलाई जगाउँछ, विदेशी आक्रमणबाट बचाउँछ ।

दशैँको अवधिभर पढिने दुर्गासप्तशती पुस्तकका विषयवस्तुलाई हेर्दा यो दर्शन, धर्म, साधना, तन्त्रसँग सम्बन्धित ग्रन्थ हो । यो पाठ गर्नुपूर्व जिऊ बाँध्नका लागि कवच, विकारबाट बच्नका लागि अर्गल, स्थायित्व राख्नका लागि कीलक पाठ गरिन्छ । प्रबल सैन्य शक्ति हुँदाहुँदै पनि शत्रु सेनाबाट राज्य गुमाएका सुरथ राजा र प्रशस्त भौतिक सम्पत्ति आफूसँग भएर पनि श्रीमती र सन्तानबाट अपहेलित हुन पुगेका समाधि नामको वैश्य सांसारिक दशाबाट दिक्क भएर ऋषिको आश्रममा पुगेको प्रकरणबाट यसका विषयवस्तु उठान हुन्छ । सबै भएर पनि अशान्त, वैभव भएर पनि विरानो बन्न पुगेको अवस्थालाई सुधार गर्न देवीकै कृपा चाहिन्छ भन्ने तथ्यलाई यसले बताउँछ ।

दुर्गासप्तशतीभित्र मन्त्र, तन्त्र, विज्ञान, साधना आदिका अनुकरणीय विषयहरू छन् । अफ्रिकाबाट सृष्टि भयो, बाँदरबाट मानिस बन्यो भन्नेहरूले एकपटक अध्ययन र मनन गर्नुपर्ने ग्रन्थको नाम हो दुर्गासप्तशती । १३ अध्यायमा विभाजित, सात सय श्लोक भएको यो ग्रन्थमा अपूर्णता छ कि भन्ने प्रश्न उब्जिएको छ । पुरातत्त्वविभाग, नेपालका केही तान्त्रिकहरूसँग भएका हस्तलिखित ग्रन्थहरू र मार्कण्डेयपुराणलाई अध्ययन गर्दा शंकालाई अझ मलजल पुग्छ । ऋषिरूवाच, देव्युवाच आदिलाई मन्त्रसँग मानेर प्रचलित दुर्गासप्तशतीमा सात सय श्लोक पुऱ्याएको छ ।

चण्डीमा देवताहरूलाई हराउन सफल शुम्भ र निशुम्भ नामका दैत्यलाई देवीले मारेका प्रसंगले नारीशक्तिको महिमा बताउँछ । मातृशक्ति अन्तिम विकल्प हो, प्रकृतिको विम्ब हो, पृथ्वी, परिवार र परम्पराको रक्षक हो भन्ने बुझाउँछ । रक्तबीजजस्ता दैत्यलाई देवीले तह लगाउँछिन् । आरक्षणको चटनीमा मस्त देखिएका

महिलाले एकपटक पढ्नै पर्ने, आफ्नो सामर्थ्यलाई भुलेका नारीले एकपटक अध्ययन गर्नै पर्ने, आफ्नो भूमिका र स्वाभिमानबाट चुकेकाले मनन गर्नै ग्रन्थ हो चण्डी ।

दशैँलगायतका चाडपर्वले हामीलाई एकाकार, समुदायलाई संस्कारित, समाजलाई संगठित, राष्ट्रलाई सुव्यवस्थित बनाइराखेको छ । चाडपर्वले परमात्माको उपासना, प्रकृतिको पूजा, पुर्खाको स्मरण गर्न सिकाई जीवनलाई सहज, सम्बन्धलाई सबल, धर्म र संस्कृतिलाई

प्रतिफलमुखी बनाएको छ । धर्म र परम्पराले चाडपर्वका प्रकृति, मनाउने विधि निर्धारित गरी देवीदेवताको अनुष्ठानसहित दान गराउन सिकाउँछ । परं वनुते/वृणुतेति पर्व अर्थात् टाढा-टाढा बसेकालाई भेट्ने, नजिक ल्याउने अवसरलाई पर्व भनिन्छ । चाडपर्वले भौतिक दुरी घटाई आत्मीयता बढाउँछ, पुर्खाहरूको इतिहासलाई सम्झाउँछ, संयुक्त परिवारको आनन्द दिलाउँछ, तनावबाट मुक्त गराउँछ । चाडपर्वले भेटाइरहने हुँदा हजुरबुबाले वृद्धाश्रम जानुपरेन, नातिले बालगृहमा बाल्यकाललाई खेर फाल्नुपरेन, छोराले आत्महत्या र छोरी-बुहारीले गर्भपतन गर्नुपरेन, सासुले एक्लो जीवन बिताउनुपरेन ।

बुबा र छोराछोरीबीच बिग्रिएका सम्बन्ध बुबाखुवाउने (कुसे)औँशीमा सुध्रिन्छन्, आमा र सन्तानबीचको सम्बन्ध आमाखुवाउने औँशीदेखि प्रगाढ बन्दछ, दिदीबहिनी र दाजुभाइबीचको वैमनस्य तिहारमा टुङ्गिन्छ, हजुरबादेखि नाति-नातिनासम्मको सम्बन्धलाई दशैँले सफा, उज्यालो र एकत्वमा रूपान्तरण गराउँछ । श्रीमान्-श्रीमतीबीचको मनमुटावलाई तीजको व्रतले विसर्जन गराउँछ, मामा-माइजू र भाञ्जा-भाञ्जीबीचको कटुता जनैँपूर्णिमामा पखालिन्छ, विद्यार्थी र शिक्षकबीचको तिक्तता गुरूपूर्णिमामा मेटिन्छ, कुलपूजामा गोत्रीय बन्धुत्व भेटाइन्छ, स्वस्थानीपूजाले मितिनीआमा र मितछोराबीच सामिप्यता बढाउँछ । चाडपर्वले नातालाई सम्झाउँछ, पिरलाई पखाल्छ, दुःखलाई डढाउँछ । राम र सुग्रीव, कृष्ण र सुदामा, दुर्योधन र कर्णको सम्बन्धले मितको नाता कति बलिष्ठ हुन्छ भन्ने प्रष्ट बनाउँछ ।

पर्वअनुसार तीर्थस्थलमा गरिने वेद, मुन्धुम, त्रिपिटकलगायतका पाठले दैवी ऊर्जा बढाई प्राकृतिक प्रकोप र मानवीय विपत्तिलाई घटाउँछ । मठमन्दिर, गुम्बाले राष्ट्रको मान, शान, धन र पहिचानलाई बढाउँछ, जसलाई चाडपर्वले जगेर्ना गर्छ । दशैँमा पिङ्ग हालेर, बाटो सफा गरेर, देवीको पूजा गरेर आपसमा भेटघाट गराउँथ्यो । विदेशिएका घर आउँथे । यो क्रम विस्तारै ओरालो लाग्यो अब दशैँमा घर, गाउँ उजाड बनाएर शहर, सदरमुकाम र विदेशीमा रहेका छोराछोरी भेट्न जाने क्रम बढ्दै छ । दशैँलाई आशीर्वादभन्दा पनि खानपान र दक्षिणाको भड्किलो पर्वमा रूपान्तरण गर्न लागि परेका छौँ ।

चाडपर्वले मानिसको सम्बन्ध जनावर, वनस्पति र प्रकृतिसँग अझ नजिक बनाउँछ । ऋग्वेदमा सबै ऋतुको वर्णनका क्रममा 'वसन्तसम्पात'को उल्लेख छ । जसले चैतेदशैँलाई इङ्गित गरेको छ । कुलागमरहस्यमा "चतुर्धा नवरात्रं तु भोगमोक्षप्रदं भवेत्" भनिएका हुनाले चारवटा नवरात्रलाई साधनाका दृष्टिले उच्चकोटीका मानिन्छ । मातृशक्तिले असोजको नवरात्रमा जागा हुने, माघको नवरात्रमा भोजन गर्ने, चैत्रको नवरात्रमा सुत्ने र असारको नवरात्रमा कोल्टे फेर्ने हुँदा ती नवरात्र देवी साधनाका लागि उपयुक्त मानिन्छन् । दुर्गासप्तशतीका कथा सुनेर चित्त बुझाउन, मनलाई अनुकूल बनाउन, अप्ठेरोलाई हटाउन सकिन्छ । गुरूको आशीर्वाद, पितापुर्खाको मार्गदर्शन, आफन्तको प्रेरणा दशैँमा नै पाइन्छ । कसका सन्तान, कसका वंशज, कसका अनुयायी हौँ भनेर चिनिन दशैँलाइ नै अवसर जुटाइदिन्छ ।

हाम्रा कोटकोटमा कालीको पूजा हुँदासम्म, घरघरमा दुर्गापूजा गर्दासम्म, चण्डीपाठ र देवीस्तोत्र वाचन हुँदासम्म विदेशीले दबाउने, छिमेकीले हेप्ने काम भएको थिएन ।

हरेक पहाड र टाकुरामा काली, दुर्गा, देवी, वनकाली, बिन्दवासी आदिको पूजा हुन्थे । यसका पूजारी ब्राह्मण परिवारबाहेकका थिए । अहिले ती मूर्ति, तिनका गुठी र मन्दिरहरूले माटोसँगै मित लगाइसकेका छन् । हामी जात, धर्म, पन्थ, पार्टीका नामले गलेका मात्र छैनौँ गाडिन लागेका छौँ । यसबाट चण्डी, दुर्गा, कालीले मात्र बचाउन सक्छिन् । जसरी देवताहरूले हार खाएर दुर्गाको प्रार्थना गरेपछि महिषासुर, शुम्भ, निशुम्भबाट मुक्ति पाए त्यही दशाबाट मुक्ति पाउन दशैँ मनाउनुपर्छ । शक्ति, शान्ति, सन्ततिसहित बाँच्नका लागि दुर्गाको शरणमा जानुपर्छ अर्थात् दशैँ मान्नुपर्छ ।

पर्वको मुखमा आएर महङ्गी बढ्ने, दशैँलाई जातविशेषको बनाउनेलाई सरकारले टुलुटुलु नहेरोस् । मङ्गोलहरू मङ्गोलियाका आदिबासी भएको होस् सरकारमा हुनुपर्छ । नेपालीहरू चीन, अमेरिकामा गएर त्यहाँका धर्ममाथि प्रहार, संस्कृतिमाथि अपमान गर्दा के परिणाम आउँछ भन्ने विषयलाई सबैले याद गर्नुपर्छ । नेपालीमा सद्भाव छ किनकि नेपालीसँग वेद, मुन्धुम र त्रिपिटक छ, पर्व छ, चाडवाड छ, संस्कार छ । जसको पर्व छ, संस्कृति छ त्यो समाज, त्यो धर्म, त्यो व्यक्ति कहिल्यै एक्लो हुँदैन, त्यसको जीवन निरस बन्दैन । मानिसको जीवन पशुपंक्षीहरूको जस्तो एकाकी छैन । हरेकलाई सम्झन, मिल्न, बोल्न, सम्बन्ध स्थापना गर्न दशैँले अहम् भूमिका खेल्ने हुनाले यो हाम्रा पुर्खाले मानेको, यही भूमिबाट जन्मिएको आर्यावर्तको पर्व हो ।❖

खोप्लाङ, गोरखा

कात्तिक महिनाका पर्व तथा विदा

१ गते तुला संक्रान्ति
४ गते फूलपाती
५ गते महाअष्टमी/ कालरात्रि
६ गते महानवमी
७ गते विजया दशमी/देवी विसर्जन/संयुक्त राष्ट्रसंघ दिवस
८ गते पापांकुशा एकादशी व्रत
९ गते दशैं बिदा/प्रदोष व्रत
१० गते कोजाग्रत पूर्णिमा व्रत/खण्डग्रास चन्द्र ग्रहण/पूर्णिमा व्रत
२३ गते रमा एकादशी व्रत
२४ गते धन त्रयोदशी व्रत, धन्तेरस/प्रदोष व्रत
२५ गते कागतिहार, धन्वन्तरी जयन्ती, महागुरू फल्गुनानन्द जयन्ती
२६ गते लक्ष्मी पूजा, नरक चतुर्दशी, महाकवि लक्ष्मीप्रसाद देवकोटा जयन्ती
२७ गते सोमवारे औंसी
२८ गते गोवर्द्धन पूजा, म्हपूजा, नेपाल सम्वत ११४४ प्रारम्भ
२९ गते भाइटीका/किजापूजा
३० तिहार विदा ।

हार्दिक शुभकामना

नेपालीहरूको महान चाड बडा दशैं तथा यम पञ्चक (तिहार)को उपलक्ष्यमा समस्त नेपाली दाजुभाइ दिदीबहिनीहरूमा सुख, शान्ति एवम् ऐश्वर्य प्राप्तिको कामना सहित हार्दिक शुभकामना अर्पण गर्दछ ।

रमेशराज न्यौपाने
चाँगुनारायण- ३ दुवाकोट, भक्तपुर

हार्दिक शुभकामना

नेपालीहरूको महान चाड बडा दशैं तथा यम पञ्चक (तिहार)को उपलक्ष्यमा समस्त नेपाली दाजुभाइ दिदीबहिनीहरूमा सुख, शान्ति एवम् ऐश्वर्य प्राप्तिको कामना सहित हार्दिक शुभकामना अर्पण गर्दछौं ।

सुशीला नेपाल, अध्यक्ष एवम्
श्रीहरिकीर्तन दिव्य सेवा समाज
गुरूमार्ग, पाशुपत क्षेत्र, काठमाडौं
सम्पर्क :०१५९०९१२५

यमपञ्चक

प्रा. नवराज घिमिरे

विश्वको सर्वोच्च शिखर सगरमाथाको काखमा अवस्थित हाम्रो देश नेपाल बहुभाषिक, बहुजातिक र बहुसांस्कृतिक विविधताले युक्त भएको देश हो । ने नामक मुनिबाट संरक्षित या पालित हुनाले नेपाल नाम रहेको भन्ने प्रसंग नेपाल महात्म्यमा पाइन्छ । नेपालीको जनजीवनको स्तरलाई शिखरमा पु¥याउन धार्मिक, आध्यात्मिक र सांस्कृतिक रूपमा हाम्रा चाड पर्वको विशेष योगदान देखिन्छ । विविधताका बीच एकता रहेको हाम्रो देशमा अनेकौं चाड पर्व मनाइने भएता पनि नेपालका प्रमुख चाड भन्नाले दशैं र तिहार नै मानिन्छन् । दशैंमा मान्यजनबाट टीका प्रसाद ग्रहण गरिन्छ भने तिहारमा दिदी बहिनीका हातबाट । तिहारको विशेषता भनेको दाजु भाइ र दिदी बहिनीको सम्बन्धमा आधारित छ । कार्तिककृष्ण त्रयोदशीका दिनदेखि कार्तिकशुक्ल द्वितीयासम्मका पाँच दिनको अवधिलाई यमपञ्चक अर्थात् तिहार भनिन्छ ।

मानव जीवन नश्वर छ । जो यो धरातलमा आउँछ उसले एकदिन अवश्य जानु पर्दछ । हरेक प्राणि कालको वशमा छ । कालका देवता यमराज हुन् । उनी नरकलोकका राजा हुन् भने चित्रगुप्त मन्त्री । हरेक मानवको खाता–पाता जाँची चित्रगुप्तले यथार्थ यमराजलाई सुनाउँछन् । कर्म अनुसारको फल भोग्नै पर्छ । शुभ होस् या अशुभ । करोडौं जन्म बिते पनि आफूले गरेको कर्मको फल न भोगी सुखै छैन ।

अवश्यमेव भोक्तव्यं कृतं कर्म शुभाशुभम् ।
नाभुक्तं क्षीयते कर्म कल्पकोटिशतैरपि ॥

कार्तिक माहात्म्य १२।६४। ६६

कर्म अनुसार यमराजले दण्ड या पुरस्कार निर्धारण गर्दछन् । सोही बमोजिम फल भोग्नु मानवको बाध्यता हो । यो पर्व यिनै यमराजसँग सम्बन्धित मानिन्छ । यमपाशबाट रक्षार्थ विशेषगरी यो पर्वमा हामी यमराजको पूजा गर्दछौं । तिहार पर्वले मानिसलाई सुखपूर्वक निरोगी भई जिउने पद्धति आत्मसात् गराइराखेको देखिन्छ । हरेक जीवको अस्तित्वलाई हिन्दूधर्मले सम्मान दिएको बुझिन्छ तिहारपर्वबाट ।

एक समय सधैं झैं अकालमृत्यु, आकस्मिकमृत्यु, कष्टदायकमृत्यु सम्बन्धि खबर र नारकीय गतिविधिबाट दिक्क भएका यमदूतहरूले यमराजसँग दुःख पोखे । आफ्ना सेवकहरूलाई सान्त्वना दिदै यमराजले भने–

कार्तिकस्यासिते पक्षे त्रयोदश्यां निशामुखे
प्रतिवर्षं तु यो दद्यात् गृहद्वारे सुदीपकम् ॥
मृत्युना पाशदण्डाभ्यां कालेन च मया सह ।
त्रयोदश्यां दीपदानात् सूर्यजः प्रीयतामिति ॥

अर्थात् प्रतिवर्ष कार्तिक महिनाको कृष्ण त्रयोदशीका दिन साँझमा गृहद्वारमा दीप प्रज्वलन गर्नाले यमराज खुसी हुने र यमदण्डबाट छुटकारा मिल्ने कुरा स्वयं यमराजले उल्लेख गर्नुभएको छ । यमराज भन्दछन्– कार्तिककृष्ण त्रयोदशीका दिनदेखि कार्तिकशुक्ल द्वितीयाका दिनसम्म (यो यमपञ्चकका समयमा) मलाई सम्झेर साँझमा दीप प्रज्वलन गर्ने, घर सफा सुग्घर राख्ने, पारस्परिक द्वेष त्यागी घर–घरमा अनेकौं दीप प्रज्वलन गरेर महालक्ष्मीको पूजा–आराधना गर्ने र सुखमय जीवन सम्झदै हरेक प्राणिको सम्मान गर्ने भक्तहरूका घरमा बिर्सेर पनि नजानू, किन कि त्यहाँ अकालमृत्यु, आकस्मिकमृत्यु, र कष्टदायकमृत्यु हुँदैन । ती मानव उच्च कोटिका धार्मिक मानिन्छन् । यमराजका वचनले यमदूतलाई केही राहत भयो । यमराज वैदिक देवता हुन् । अथर्ववेद र ऋग्वेदमा यमराजसँग सम्बन्धित अनेकौं आख्यान पाइन्छन् ।

काग तिहार

यमराज र यमुनासँग गाँसिएको यो पर्वको पहिलो दिन अर्थात् यमपञ्चकको पहिलो दिन– काग तिहार हो । यस दिन यम प्रसन्नताकालागि यमदूत मानिने कागको

पूजा गरिन्छ । कागलाई खान दिएर शुभ शुभ बोल भनिन्छ । शुभ खबर मात्र लिएर आइज भन्ने चलन पनि छ । किन कि कागको ध्वनि अशुभ मानिन्छ । कागलाई अशुभ मानिए पनि सन्देश बाहकका रूपमा कागको पूजा गरिएको हो । विशेषगरी अतिथि आगमनको सूचना दिने सूचक पनि हो काग । काग द्वारमा आई कराए पाहुना आउँछन् भन्ने लोकोक्ति अद्यावधि छ । तसर्थ त्रयोदशी तिथिका दिन कागलाई अन्न जल प्रदान गर्नाले यमराज खुसी भई यमपाश भोग्नु पर्दैन भन्ने मत रहिआएको पाइन्छ । दशगात्रादि प्रेतत्व कार्यमा पनि कागलाई बलि दिने अर्थात् खान दिने विधान शास्त्रमा पाइन्छ । कागलाई अन्न प्रदान गर्दा भन्ने मन्त्र–

ऐन्द्रावरुणवायव्यां याम्यां नैऋतिकाश्च ये ।

वायसाः प्रतिगृह्णन्तु भूमावन्नं मयार्पितम् ॥

(नित्यकर्म पद्धति)

कुकुर तिहार

यमपञ्चकको दोस्रो दिन अर्थात् चतुर्दशीको दिनलाई कुकुर तिहार भनिन्छ । कुकुर आज्ञाकारी तथा कृतज्ञ (उपकार सम्झने) पशुका रूपमा चिनिन्छ । यो भैरवावतार भगवान्को वाहन पनि हो । विशेषगरी कुकुरले दर्शाएको स्वामीभक्तिको सम्मानमा यो दिन उसको पूजा गरिएको हो । आधा टुक्रा रोटी होस् या एक गाँस भात, त्यसैमा सन्तुष्ट रही दिनरात नभनी आफूलाई खान दिने मालिक र त्यस घरको इमानदारीपूर्वक रक्षा गरी मानव समुदायलाई राम्रो शिक्षा दिन्छ कुकुरले । कुकुरले गरेको योगदान सम्झी सधैं नसके पनि वर्षमा एकदिन उसको योगदानको कदर हाम्रा शास्त्रले गरेको देखिन्छ । वैवस्वत कुलमा उत्पन्न श्याम शबल रूपमा यिनीहरूको पूजा गरिन्छ । माला लगाइदिने, मीठा–मीठा परिकार खान दिने र सदा सर्वदा वफादार रही हाम्रो रक्षा गरोस् भन्ने कामना गरिन्छ । वर्षभरिमा एकदिन कुकुरलाई पूज्ने दिन भएको हुनाले यस दिनलाई कुकुर तिहार भनिएको हो । यस दिनलाई नरके चतुर्दशी पनि भनिन्छ । आजभोलि सुरक्षा क्षेत्रमा कुकुर अत्यन्त भरपर्दो सुरक्षा कवच मानिन्छ ।

कुकुरलाई अन्न दिँदा भन्ने मन्त्र–

द्वौ श्वानौ श्याम शवलौ वैवस्वत कुलोद्भवौ ।

ताभ्यामन्नं प्रयच्छामि स्यातामेतावहिंसकौ ॥

गाई तिहार (लक्ष्मी पूजा)

यमपञ्चक भित्रको अर्को महत्त्वपूर्ण दिन हो अमावस्या (औंसी) अर्थात् गाई तिहारे औंसी भनौं या लक्ष्मीपूजाको दिन । यो दिन विशेषगरी प्रातःकालमा गौमाताको पूजा–आजा गरिन्छ भने साँझमा लक्ष्मीमाताको विशेष आराधना गरिन्छ । हिन्दूधर्ममा गाईको स्थान उच्च छ । गाई विना पञ्चगव्य र पञ्चामृतको कल्पना गर्न सकिदैन । गाईको दूध, दही, घ्यू गोमूत्र र गोबर यी पाँचको मिश्रण पञ्चगव्य हो, भने दूध, दही घ्यू, मह र शक्खरको मिश्रण पञ्चामृत हो । कुनै पनि पूजा, पाठ, दशगात्रादि प्रेतकार्यकालागि गाईकै पञ्चगव्य र पञ्चामृत अपरिहार्य मानिन्छ । गोमूत्र र गोबरमा समस्त कीटाणु नाश गर्ने शक्ति हुन्छ, त्यसैले गोबरले लिप्नु, गोमूत्र छर्कनु भनिएको हो । समाजमा मिष्ठान्नका जे जस्ता परिकार देखिन्छन् ती सबै दूधबाट निर्माण गरिन्छन् । गाईको शुद्ध घ्यू कलियुगमा अमृत वरावर मानिन्छ । गाईको महिमा स्वयं भगवान् श्रीकृष्णले यसरी प्रस्ट्याउनु भएको छ–

गावो मे अग्रतः सन्तु गावो मे सन्तु पृष्ठतः ।

गावो मे हृदये सन्तु गवां मध्ये वसाम्यहम् ॥

अर्थात् गाई मेरा अगाडि पछाडि रहुन्, मेरो हृदयमा गाईकै छवि बसोस्, म गाईका बीचमा बसिरहन्छु । गाई सबैकी माता हुन् । अत्यन्त पोषिलो दूध प्रदानगरी मानवको यिनी रक्षा गर्दछिन् । यिनको दान बराबर कुनै दान मानिदैन । यमपथमा पर्ने वैतरणी नदी तर्न गाई दानको विशेष भूमिका शास्त्रमा वर्णित छ ।

यममार्गे महाघोरे तां नदीं शतयोजनाम् ।

तर्तुकामो ददाम्येतां तुभ्यं वैतरणीं नमः ॥

यसबाट के बुझिन्छ भने हाम्रो जीवनका हरेक पाइलामा गाईको महत्त्वपूर्ण योगदान छ । तसर्थ यिनलाई गोमाता भनिएको रहेछ । जीवनमा सधै गोसेवा गर्नु पर्दछ । हाम्रो शास्त्रले विशेष पर्वकै रूपमा गाई तिहारे औंसीका दिन गाईको सम्मानमा यिनको पूजा–आजा गरी अन्न जल दिने परम्परा चलाएको पाइन्छ ।

प्रातःकालमा गाईको पूजा गरिसके पछि साँझमा लक्ष्मी पूजाको विधान छ । धनकी अधिष्ठात्री देवी लक्ष्मीको विशेष पूजा अर्चना गरी घरघरमा अनेकौं दीप प्रज्वलन गरेर धूमधामले लक्ष्मीपूजा अर्थात् दीपावली मनाइन्छ ।

यस विषयमा स्वयं यमराज भन्नुहुन्छ– त्रयोदशी, चतुर्दशी र अमावस्यामा विशेष गरी अनन्त दीप प्रज्वलन गर्दै मलाई र माता लक्ष्मीलाई समर्पण गर्नाले अकाल मृत्युबाट जोगिने र लक्ष्मीको कृपा सदा भइरहने छ ।

दीपैर्निराजनादत्र सैषा दीपावली स्मृता ।
कुर्यात् संलग्नमेतच्च दीपोत्सवदिनत्रयम् ।
मम राज्ये गृहे येषामन्धकारः पतिष्यति ।
लक्ष्मी सन्तानान्धकारः सदा पततु तद् गृहे ॥

अर्थात् लक्ष्मी पूजाका दिन जसका घरमा अन्धकार रहन्छ त्यसका जीवनमा सदा अन्धकार रहन्छ । तसर्थ, अनेकौं दीपक प्रज्वलन गरी दीपोत्सव गरोस् । अनन्त दीपद्वारा नीराजन गरिने हुनाले दीपावली भनिएको हो । पूर्व समयमा वामन भगवान् र दैत्यराज बलीको संवाद प्रसङ्ग तीन दिनसम्म चलेको रहेछ, त्यसैले तीनसम्म उत्सव मनाउनु भनिएको पाइन्छ । परम्परागत रूपमा अहिले पनि बली र वामनको प्रसङ्ग जोडेर अमावस्याका दिन भैली खेल्ने परम्परा चलिआएको छ । यी तीन दिनलाई दीपोत्सव पर्व भनिन्छ । शास्त्रीय आधारले पनि नेपाली समाजमा मीठो खाने र राम्रो लगाउने पर्वका रूपमा तिहारलाई लिइन्छ । यो दिन अनेकौं पक्वान्न, फलफूल, सेल, पुरी, सुन, चाँदी, द्रव्य आदि एकत्रित गरी माता लक्ष्मीका शरणमा जाने चलन छ । भगवती लक्ष्मीको चाहना कसलाई नहोला ! लक्ष्मी भन्नु नै धन–सम्पति हो । माता लक्ष्मीको प्रसन्नताका लागि अनेकौं स्तोत्रआदि पूजा–पाठको विधान शास्त्रमा पाइन्छन् ।

सारांशमा श्रीसूक्त र कनकधारा स्तोत्रको पाठ लक्ष्मी प्राप्तिका लागि सर्वोत्तम मानिन्छ । कुनै न कुनै रूपमा हरेक मानव धन सम्पति कमाउन चाहन्छ । लक्ष्मी पूजाको प्रसङ्गमा बली राजा सम्बन्धी विभिन्न कथाहरू पाइन्छन् । राजा बलीले वामनलाई तीन पाउ भूमि दिने प्रतिज्ञा गरे । विराट रूप लिई वामनले दूई पाउमा तीनलोक नापी तेस्रो पाउ राख्ने ठाउँ मागे । निकै बेर घोरिएका प्रतापी राजाले आफ्नो शिर तेस्रो पाउकालागि समर्पण गरे । शिर भए पनि द्यौ भनी मागेका हुनाले आज पनि द्यौ शिरे भनी यो पर्वका समयमा माग्ने चलन छदैछ । बली वामनको पावन प्रसंगलाई सम्झन पनि देउसी भैलो खेलिएको देखिन्छ । बलीले माग्ने वामन अवतार भगवान् विष्णुलाई सन्तुष्ट पारेपछि मसँग पनि तिमी केही माग भनी अनुरोध गरे । बलीले वरदानका रूपमा जुन–जुन घरमा यमपञ्चकमा दीपावली गरिन्छ त्यहाँ सदा लक्ष्मीले बास गरून् र सदा हजुरका चरणारविन्दमा मेरो प्रेम रहोस् भनी मागे । त्यसपछि लक्ष्मीको पूजा–महिमा वृद्धि हुन थाल्यो भन्ने भनाइ छ । यो रात क–कसको घरमा अन्धकार छ ? क–कसको घरमा बत्ती बालिएको छ भनी माता लक्ष्मीले प्रत्येक घर हेर्ने र सोही अनुरूप फल प्रदान गर्छिन् भन्ने गरिन्छ ।

गोरु तिहार

यम पञ्चकको चौथो दिन गोवर्द्धन पूजाको दिन हो । यस दिन वर्षभरि हाम्रो खेतीका लागि प्रयोग गरिएका गोरूहरूको पूजा गर्ने दिन हुनाले गोरूतिहार भनिएको हो । गोरू भनेका धर्मका प्रतीक हुन् । गृहस्थीका निमित्त पहिले पहिले गोरू सर्वस्व थिए । गोरू विना खेत जोत्न सकिंदैनथ्यो । खेत न जोते अन्न, वाली कहाँबाट होस् ? यस पर्वलाई अन्नकूट पर्व पनि भनिन्छ ।

कार्तिकस्यासिते पक्षे अन्नकूटं समाचरेत् ।
गोवर्द्धनोत्सवस्तत्र श्रीविष्णुः प्रीयतामिति ॥

धेरै थरी अन्न एकत्रित गरी पर्वताकार बनाई पूजा गरिने हुँदा अन्नकूट पर्व भनिएको हो । गोबरको थुप्रोमा अथवा पर्वतहरूमा गई नानाथरी पूजा सामाग्रीद्वारा गोवर्द्धन स्वरूप श्रीकृष्णको पूजा गरिने र कृषिकर्मका अथक योद्धा वृषभहरूको पूजा, अर्चनाको दिन हुनाले गोवर्द्धन पर्व नामले प्रसिद्ध भएको हो । द्वापरयुगमा भगवान् श्रीकृष्णले गाई, गोरू र गोवर्द्धन पर्वतको पूजा गरी गोवर्द्धन पर्वत धारण गरेको दिन पनि यही हो । यो दिन नेपाली परम्परामा मीठा–मीठा परिकार खाने, द्यौसी–भैलो खेल्ने, जुवा–तास खेली मनोरञ्जन गर्ने/गराउने गरिन्छ । जुवा–तासको कुरा गर्दा यसको उत्पत्तिका बारेमा एउटा रोचक प्रसङ्ग जो शिव–पार्वतीसँग सम्बन्धित छ–

एक दिन कैलाशवासी शिवलाई नयाँ नौलो केही गरौं जस्तो लागेछ र पारिवारिक मनोरञ्जनका लागि कौडाको सृष्टि गर्नुभयो । यसले जीवनमा के गर्दो रहेछ भन्ने जिज्ञासा गरी पार्वती समक्ष गई, पार्वतीलाई जुवा खेल्न सिकाई दुवै जुवा खेल्न थाल्नु भयो । ख्याल ख्यालमा यसले विकराल रूप लियो । प्रसन्न मुद्रामा शिवले पहिलो

भुवन, दोश्रो भुवन, तेस्रो भुवन गरी तीनै भुवन थाप्दा पार्वतीले जितिन् । अब साँच्चा साँच्ची पर्न थाल्यो । साँढे, छाला, साँपको कन्दनी, चन्द्रमा, डमरू, त्रिशूल र आधा अङ्ग पनि थापे पार्वतीले जितिन् । पार्वतीका मनमा अभिमानले छोयो, उनले शिवलाई होच्याएर भनिन्- सबैथोक मेरो भयो तपाईंसँग केही बाकी रहेन । निराश महादेव बल्कल पहिरेर गङ्गातटमा निस्किए । पार्वतीले पनि जान्छन् भने जाउन् भनी वास्ता गरिनन् । गङ्गातटमै खेलिरहेका स्कन्द शिव समीपमा पुगे । शिवबाट यथार्थ बुझेका स्कन्दले महादेवसँग जुवा खेल्न सिकी पार्वती समक्ष गई पिता खोई ? भनी सोधे । अभिमान पूर्वक पार्वतीले उत्तर दिइन् -

स्वयमेव कृतं द्यूतं स्वयमेव पराजितः ।

स्वयमेव गतः क्रोधात्प्रार्थ्यते स मया कथम् ॥

अर्थात् आफैले जुवाको रचना गरे, आफै हारे, आफै रिसाएर गए भने म किन झुकिरहने ?

पार्वतीका अभिमानी वचनले मर्माहत भएका स्कन्दले जुवा खेल्न प्रस्ताव राखेर महादेवले हारेका सबै थोक जिती ल्याएर शिवलाई दिए । निराश र दुःखी पार्वती गणेश समीप पुगिछन् । माताबाट यथार्थ बुझी जुवाको दाउ सिकी महादेव र स्कन्द नजिक पुगी स्कन्दसँग जुवा खेल्ने प्रस्ताव राखे । गणेशले यो जुवा युद्धमा स्कन्दलाई पराजित गरी सबै थोक लगेर पार्वतीलाई दिए तर पार्वतीलाई पतिप्रेमले सतायो । पार्वतीलाई अभिमानले छोडिसकेको थियो । महादेवको अभाव खड्कियो । पार्वतीले गणेशसँग शिवलाई फकाई फुल्याई लिएर आऊ भनी अन्हाइन् । उता शिव निराश भई स्कन्दका साथमा हरिद्वार पुगेर बस्नु भएको रहेछ । नारदबाट शिवको घटित घटना सुनेका विष्णु पनि शिवलाई सम्झाउन शिव समीप पुगे । दुवैले योजनाबद्ध रूपमा पार्वतीलाई हराउने षड्यन्त्र रचे । संयोगवश् राक्षसराज रावण त्यहाँ पुगेछन् । रावणले एकटकले त्यो दृश्य हेरेको देखी क्रोधित विष्णुले बिरालो भएस् भनी श्रापे । त्यही समयमा गणेश पनि शिव खोज्दै त्यहीं आए । त्यहाँको षड्यन्त्रको केही सुइँको पनि पाए । आखिर पार्वतीलाई हराउनका निमित्त विष्णु र शिव सहमत भई पार्वतीले फेरि जुवा खेलेका खण्डमा मात्र कैलाश फर्कने खबर पठाउनका लागि गणेशको प्रयोग गरे ।

कैलाशमा एकत्रित भएका सबैका समक्ष जुवा खेल्ने तयारी भयो । पार्वतीले शिवसँग प्रश्न गरिन्- तपाईंसँग के छ र मसँग जुवा खेल्नुहुन्छ ? भएका चीज साँढे, डमरू, त्रिशूल आदि मैले पहिले नै जितिसकेकी छुँ भनेपछि शिवले घोप्टेमुन्टो लगाए । छेउमा रहेका नारदलाई यो कुरा असह्य भयो । उनले तत्काल आफूसँग रहेको वीणा, दण्ड, जनै, लगौंटी जुवा खेल्नका लागि शिवलाई दिए । यो खेलमा विष्णुका सहयोगले आफूले हारेका र पार्वतीसँग रहेका गरगहना शिवले जिते । जुन दाउ पार्वती माग्दथिन् त्यसको विपरीत भई विष्णु पासाका रूपमा पल्टन्थे । आखिर हतास, निराश गहभरि आँसु पारेर पार्वती वरपर हेर्न थालिन् । कतै अल्मलिएका गणेश त्यहाँ टुप्लुक्क आइपुगे । षड्यन्त्रका बारेमा खुलासा गरे । अत्यन्त क्रोधित पार्वतीले शिवलाई श्राप दिंदै भनिन् -

देव यस्मादवलया कपटं च कृतं त्वया ।

तस्मात् सदाऽस्तु ते मूर्धाऽवला भार प्रपीडितः ॥

अर्थात् एउटी अवलालाई कपट पूर्वक हराउन षड्यन्त्र गर्नुभयो । तसर्थ, तपाईंका शिरमा सधैं अवलाको भार रहोस् । यही श्रापका कारण सदा शिवले शिरमा गङ्गा धारण गर्नुभएको हो ।

पार्वतीले नारदलाई पनि श्राप दिंदै भनिन् -

यतस्ततः कुचेष्टा त्वं यतः शिक्षयसे मुने !

स्वप्ने चाऽपि सुखं स्त्रीणां न कदाचिद् भविष्यति ॥

अर्थात् कुचेष्टा पूर्वक तिमीले एउटी अवलालाई हराउन अनेक जालसाँच गऱ्यौ, त्यसैले तिमीलाई नारी सुख सपनामा पनि नमिलोस् । यही कारण नारदले कहिल्यै विवाह नगरेका हुन् ।

यसैगरी विष्णुलाई पनि श्राप दिंदै -

यतः कृता चावलया सहमाया त्वया हरे ।

एष वैरी रावणोऽयं तव भार्यां हरिष्यति ॥

अर्थात् अवलालाई हराउन माया रच्यौ, त्यसैले तिम्री पत्नीको हरण रावणले गरोस् । यो श्रापका कारण रामावतार भयो, जहाँ रावणले सीताको अपहरण गरेको थियो । स्कन्दलाई श्राप दिंदै पार्वतीले भनिन्-

हित्वा मां मातरं पुत्र बालकत्वं त्वया कृतम् ।

अतस्त्वं न युवा वृद्धो बाल एव भविष्यसि ॥

अर्थात् मातालाई त्यागी तिमीले ठूलो भूल गऱ्यौ । बालकपन तिमीमा देखियो । त्यसैले तिमी कहिल्यै युवा र वृद्ध नभई कुमारै रहने छौ । यही श्रापले कुमार नाम चर्चित तुल्यायो ।

यस घटनापछि गणेशले मातालाई भन्नुभयो– यो दुष्ट बिरालो रूपी रावणका कारण मेरो वाहन मुसो डराएर यहाँ आउन सकेको छैन । यसलाई पनि श्राप दिनु ।

पार्वतीले रावणलाई पनि श्राप दिइन् –

यस्माद् विघ्नः कृतो दुष्ट त्वया मे बालकस्य तु ।
तस्मादयं तव रिपु विष्णुस्त्वां घातयिष्यति ॥

अर्थात् तिमीले मेरो पुत्रको वाहनलाई विघ्न गरेका कारण विष्णुले तिमीलाई मार्नेछन् । यो श्राप सार्थक बनाउन रावणले सीता हरण गर्दा रामले रावणलाई मारेका थिए । पार्वतीबाट श्रापित सबै भयभीत भए ।

यो अकल्पनीय घटनाले कैलाश तहस–नहस भयो । आखिर बुद्धिका अग्रणी गणेश र नारदले सबैलाई सम्झाउने/बुझाउने गरी यो घटना साम्य बनाए । सबैमा एक किसिमको हाँसो चल्यो । ख्याल–ख्यालमा रचिए र मनोरञ्जनार्थ खेलिएको जुवाको करामत देखी शिव तीन छक्क परे ।

प्रफुल्ल भएकी पार्वतीले कार्तिक शुक्ल प्रतिपदाका दिन यो घटना घटेको हुनाले सामान्य रूपमा आफ्नो परिवार बसी मनोरञ्जनार्थ जुवा खेल्न हुने अरू समयमा व्यसनका रूपमा यसको प्रयोग गरिएमा यसले ठूलो घटना पनि निम्त्याउन सक्नेतर्फ सबैको ध्यान केन्द्रित गराइन् ।

तसर्थ, जुवा–तास जाँड रक्सी परिवारभित्र केन्द्रित भई विशेष समयमा मनोरञ्जनका लागि प्रयोगमा ल्याइएता पनि अरू समयमा यसमा तल्लिन रहनाले परिवार भित्रै पनि मनमुटाव हुने र सम्बन्ध नै बिग्रिने, समाजमा अपमानित भई ज्यानै जाने खतरा रहेको कुरा यो शिव–पार्वतीको कथाबाट शिक्षा लिन सकिन्छ । समाजमा यसै पनि जुवा–तास खेल्ने र जाँड रक्सी खानेलाई सभ्य मानिदैन । ख्याल रहोस् आफूले जाँड रक्सी खाए पनि जाँड रक्सीले आफूलाई नखाओस् । जुवा तासले जीवन तहस–नहस नहओस् ।

भाइटीका (यमद्वितीया)

यमपञ्चकको पाँचौं दिन भाइतिहार हो । यो यमपञ्चकको मुख्य दिन हो । यस पर्वलाई भाइटीका वा यमद्वितीया पनि भनिन्छ । कार्तिक शुक्ल पक्षको द्वितीयालाई यम द्वितीया भनिएको हो । यमराज र यमुना (दाजु बहिनी) को पवित्र प्रेम गाँसिएको यो पावन पर्व बारे सामान्य जानकारी हुनु आवश्यक छ । सूर्यकी संज्ञा नामक पत्नीबाट एकै समयमा जुम्ल्याहा सन्तानको रूपमा यमराज र यमुनाको जन्म भएको पाइन्छ । यो सूर्य परिवार आनन्दका साथमा रहिरहेको थियो । एक दिन संज्ञाले सूर्यको तेज सहन नसकी आफू जस्तै छाया प्रकट गरी सूर्यकी पत्नीका रूपमा गर्ने व्यवहार गरेस् भनी आफू माइततिर लागिन् ।

छायाले संज्ञाका छोरा छोरीलाई सौतेलो व्यवहार देखाइन् । यमराज र यमुनाले यो कुरा सूर्य समक्ष राखे । सूर्यले अनुसन्धान गर्दै जाँदा लामो समय पश्चात् सत्य तथ्य पत्ता लगाए । यमराज र यमुना भने कठोर तपस्यातर्फ केन्द्रित भए । ब्रह्माबाट यमलोकको अधिपति हुने यमराजले वरदान पाए । यमुनाले द्वापरमा श्रीकृष्णकी पत्नी कालिन्दी हुने वरदानमा चित्त बुझाइन् । यमलोकका अधिपति भएका यमराज अनेकौं पापीहरूको रेखदेखमा समय व्यतीत भएको थाहा पाउन छोडे । कार्य व्यस्ततामा अल्झिएका यमराजलाई यमुनाले कैयौं पटक भेट्ने प्रयास गरिन् । तर पनि, भेट्न सकिनन् ।

एक दिन अत्यन्त दिक्क मानी यमुना आफै सुपारी, जनै, फलफूल, मीष्ठान्नआदि लिएर निमन्त्रणा गर्न दाजु यमराजका दरबारमा पुगिन् । दाजुलाई निम्तो दिंदै लगिएका सामाग्री हातमा राखिदिइन् । हात जोडेर यमराजका अगाडि उभिएकी यमुनाले भनिन्– आजदेखि पाँचदिनसम्म अनिवार्य रूपमा मेरा घरमा भोजन गर्न पाल्नु होला । अन्यथा दाजु बहिनीको सम्बन्धमा विचार गर्नुपर्ने हुन्छ । यसरी भावपूर्ण वाक्य बोलेकी बहिनी हिंडेपछि यमराज केही क्षण गम्भीर भए । धर्मराजका रूपमा प्रतिष्ठित यमराज चार दिन व्यतीत भइसक्दा पनि कार्य व्यस्तताका कारण बहिनीका द्वारमा जान भ्याएनन् । पाँचौं दिन उनी झसङ्ग भए र दौडिएर केही भेटी, उपहार दिने सामाग्री लिई बहिनीको घरमा पुगे । आफ्ना घरको मूल ढोकामा उभिएका दाजुलाई देखी भाव विह्वल हुँदै अगाडिका सबै कुरा बिर्सेर दाजुको सत्कारमा जुटिन् । हुन पनि नारी प्रत्यक्ष क्षमाका मूर्ति हुन् । श्रेष्ठ आशनमा दाजुलाई राखेर

अगाडि आफू पनि बसिन् । यमराजले कार्य व्यस्ततामा चार दिनसम्म आउन नपाएकोमा हाँस्दै क्षमा याचना मागे । हर्षित यमुनाले तेल, जल आदिले दाजुको परिक्रम गरिन् । जनै, फूल, माला, सप्तरङ्गी टीका, गरगहनाले यथोचित सत्कारका साथ भोजन गराइन् । यमराजले पनि भावविभोर हुँदै टीका, माला, गरगहना, द्रव्य, वस्त्रादि बहिनी यमुनालाई प्रदान गरी प्रसन्न तुल्याए । प्रसन्न मुद्रामा रहेका यमराजले बहिनी यमुनालाई भने –

हे बहिनी ! तिम्रो स्वागत, सत्कार, माया, प्रेमले म अत्यन्तै खुशी भएँ । भन तिमी के चाहन्छ्यौ ? यमुना भन्दछिन् –

प्रतिवर्षं समागच्छ भोजनार्थं तु मद्गृहे ।
अद्य सर्वे मोचनीयाः पापिनो नरकाधमाः ॥
यद्येवं भगिनी हस्तात्करिष्यन्ति च भोजनम् ।
तेषां सौख्यं प्रदेहित्वमेतदेव वृणाम्यहम् ॥

अर्थात् अरू समयमा नभ्याएपनि यी पाँच दिन (कार्तिक कृष्ण त्रयोदशीदेखि कार्तिक शुक्ल द्वितीयासम्म) मेरा घरमा भोजनार्थ आउने गर्नू एवम् आजका दिन नरकमा रहेका समस्त पापीहरूलाई कष्टबाट मुक्त गरिदिनू । आज (यमद्वितीया)का दिन जसले दिदी–बहिनीका हातबाट भोजन गर्दछन् तिनीहरू सुख, शान्ति प्राप्त गर्दै चिरञ्जीवी होउन् । यही वरदान प्रदान गर्नुहोस् । बहिनी ! तिमीले मागेका वरदानका लागि तथास्तु । यो यमद्वितीयाका दिन श्रद्धापूर्वक तिम्रो र मेरो पूजा गर्नेले पनि सुख शान्ति पाउन्, नरक नदेखून् ।

हे यमुने ! यो दिन दाजुभाइले सकेसम्म दिदी बहिनीको घरमै भोजन गरून्, अन्यथा वर्षभरि गरिएका पुण्य नाश हुनेछन् भनी भावविह्वल हुँदै यमराज बहिनी यमुनासँग विदा मागी आफ्नो राजधानीतर्फ लागे ।

यमद्वितीयां यः प्राप्य भगिनी गृहभोजनम् ।
न कुर्याद् वर्षजं पुण्यं नश्यतीति रवेः श्रुतिः ॥
अवश्यं कार्तिकेमासि भोक्तव्यं भगिनीकरात् ।
एवमुक्त्वा धर्मराजो ययौ संयमिनीं ततः ॥ (कार्तिक महात्य १८।३२)

जुन पवित्र तिथिमा यमराजले बहिनी यमुनाका घर गई ससम्मान सप्तरङ्गी टीका, उपहार, भोजन ग्रहणगरी बहिनीलाई पनि अनेकौं उपहार प्रदान गरे, सो पुण्य मास र तिथिलाई हरेक नरनारीले यमद्वितीया पर्वका रूपमा मनाउँदै आएका छन् । यो दिन दिदी बहिनीकोमा भोजन गर्नाले सुख शान्ति प्राप्त हुन्छ–

यस्यां तिथौ यमुनया यमराजदेवः
सम्भोजितः प्रतिजगत्स्वसृसौहृदेन ।
तस्यां स्वसुः करतलादिह यो भुनक्ति
प्राप्नोति रत्नसुखधान्यमनुत्तमं सः ॥

(भविष्यपुराण)

यसरी यमराज र यमुनासँग गाँसिएको यो पावन चाड धार्मिक दृष्टिकोणले अत्यन्त महत्त्वपूर्ण मानिन्छ ।

विशेषगरी यो पर्वमा बहिनी, बहिनी नभए दिदी, दिदी नभए, सौतेनी दिदी–बहिनी, ती नभए जेठा कान्छा बाबुका छोरी, ती पनि नभए सानीमाका छोरी, ती नभए मामाका छोरी, ती पनि नभए सम्बन्धित नाता भित्र चेली–बेटी, ती पनि नभेटिए मनले कल्पना गरी बनाइएका दिदी–बहिनी, ती नभेटिए गाई, नदी, वनलाई नै भए पनि बहिनीको रूपमा कल्पनागरी पूजेर टीका प्रसाद ग्रहण गरोस् । त्यो दिन खाली निधार नराखोस्, आफ्नो घरमा पनि सकेसम्म नखाओस् । दिदी बहिनीले दाजु–भाइको दीर्घायुको कामना गर्दछन् भने दाजु–भाइले दिदी–बहिनीको सुस्वास्थ्य र सौभाग्यको कामना गर्दछन् । यो चाडको मूल पक्ष यही हो ।

विवाहित भई अथवा विभिन्न परिस्थितिले यत्रतत्र रहनु हामी सबैको बाध्यता हो । यस परिवेषमा विभिन्न चाड पर्वले हामीलाई जोड्ने प्रयास गरेको देखिन्छ । कमसे कम दशैं तिहार भने पछि हामी जति टाढा भए पनि जम्मा हुने प्रयास गर्छौं । चाड–पर्वको नाममा भए पनि वर्षमा एक पटक आफन्तसँग भेट हुनु अहिलेको समयमा ठूलो कुरा भैसक्यो । दाजु–भाइ र दिदी बहिनीको प्रेम सम्बन्धलाई सुदृढ गराउने यो पर्वका बारेमा स्कन्दपुराण, सनत्कुमारसंहिता आदिमा विशेष चर्चा गरिएको छ । हाम्रो धर्म संस्कृतिले हरेक जीवको सम्मान गर्न अभिप्रेरित गर्दछ । आत्मीयताको पुनर्स्थापनामा यस्ता पर्वको विशेष भूमिका हुन्छ ।❖

–वाल्मीकि विद्यापीठ, काठमाडौं

नेपालको राष्ट्रिय संस्कृति र गाई

■ -शारदारमण नेपाल ■

माता रुद्राणाम् दुहितावसूनाम् स्वसादित्यानाममृतस्यनाभिः
प्र नु वोचम् चिकितुषे जनायमागामनागामदितिम् वधिष्ठ।

अर्थात् गाई रूद्रहरूकी आमा, वसुहरूकी छोरी अदितिका पुत्रहरूकी बहिनी र घृतरूप अमृतको भण्डार हुन् । प्रत्येक विचारशील मानिसलाई सम्झाउँदै म भन्छु निरपराध र अवध्य गाईलाई नमार ।" (पा०गृ०सू०१।३।२७ तथा अथर्व वेद चौथो काण्डको २१सौं सूक्तको प्रथम पद्य)

अध्येताहरू भन्छन्, गाई नै एउटा यस्तो प्राणी हो जसले अक्सिजन लिएर अक्सिजन नै फ्याँक्छ। गाईको मूत्रमा कपर, क्याल्सियम, क्यारोटिन लगायत जीवनोपयोगी झण्डै २४ तत्वहरू पाइन्छन् । गाईको दूधले रेडियो विकिरणको प्रभावबाट रक्षा गर्छ । स्मरणशक्ति बढाउँछ । गाईको घ्यू जलाउँदा अक्सिजन उत्पादन हुन्छ । गाईको एक तोला घ्यूले १६ टन अक्सिजन उत्पादन गर्छ । गाईको गोबरमा हैजाका किटाणु नष्ट गर्ने क्षमता हुन्छ। गाईका सामाजिक सांस्कृतिक उपयोगिताका धेरै पक्ष छन्।



अध्येताहरू के पनि भन्छन् भने थोरै दूधदिने नेपालका रैथाने गाईहरूका दूध, मूत्र, गोवर र घ्यूमा उल्लिखित औषधीय गुणहरू सर्वाधिक मात्रामा पाइन्छ । अध्येताहरूको के पनि ठहर रहेको पाइन्छ भने गाईका यी महत्त्वपूर्ण गुणहरू सम्बन्धमा जानकारी पाएपछि नै ऋषिमुनिहरूले गाईलाई देवतांशका रूपमा बोध गरे र गोमेध तथा गोमांसभक्षण वर्जित गरेका थिए । पछि आएर 'कलौ पन्चविवर्जयेत्'भनिएको ' पन्चवर्जना प्रावधान'मा पनि गवालम्भको उल्लेख छ । गवालम्भको तात्पर्य गोवध अर्थात् 'गोहत्या' हो । वेदमा शुरू शुरूमा गोवध र गोहत्याका छिटफुट प्रसंग पाइए पनि बौद्धिक मानसिक विकासका पछिल्ला चरणहरूमा आइपुग्दा अलग सूक्त नै बनाएर गाईको महत्त्व गायन गरिएको छ र गोवध निषेध गरिएको छ ।

सभ्यता विकास क्रममा नयाँ नयाँ जानकारीहरू उपलब्ध भएपछि मानिसका पुराना सोचहरू बदलिएका छन्। शास्त्र र कानूनहरू बदलिएका छन्। ऋषिमुनिहरूका सन्दर्भमा पनि यो कुरा लागु हुन्छ। वेदका सन्दर्भमा पनि लागु हुन्छ। वेदमा गोमेध र गोवध निषेध यसैको परिणाम हो । ऋषिहरूले प्रज्ञा अर्थात् वैज्ञानिक ज्ञानलाई साँच्चिकै आँखा भनेका छन् । प्रज्ञा नेत्रो लोकः प्रज्ञा प्रतिष्ठा प्रज्ञानम् व्रह्म। यसरी विशिष्ट ज्ञानलाई नै ऋषिहरूले व्रह्म अर्थात् परम् सत्य पनि मानेका छन्।

वेद समर्थक पुराण साहित्यमा र बौद्ध साहित्यमा ' धर्म'का अगाडि 'सनातन' विशेषण दिइएको पढ्न पाइन्छ। बौद्धधर्ममा त हिंसा सर्वथा निषिद्ध नै छ। 'वैदिक सनातन संस्कृति'का केही परम्परागत मान्यताहरू छन्। ती मध्येकै एउटा मान्यता हो गाईलाई पवित्र, पूज्य, अविक्रेय र अवध्य मान्ने परम्परा। यस परम्पराको इतिहास ऋग्वेद र त्यसभन्दा अगाडिसम्म पुग्छ।

ऋग्वेदमा गोमेध यज्ञ र गोमांस भक्षणका एकाध प्रसंग पनि भेटिन्छन्। यो वेदको मूलधार होइन। वेदको मूलधार गोरक्षणको धार हो। गो पूजनको धार हो। यसका एक होइन अनेकौं साक्ष्यहरू छन् । गाइको महिमा तथा गाईप्रति मानव चेतनाको दायित्व नजान्दा नबुझ्दासम्मको सुदूर अतीतको कालखण्डमा गाईलाई पनि अन्य पशुलाई जस्तै काटिखाएको र समयक्रममा गाईको महत्त्व राम्ररी थाहा पाएपछि गाई मार्न र गाईको मासु खान निषेध गरिएको इतिहास वेद पुराणको अध्ययनबााट जान्न बुझ्न सकिन्छ।

सुदूर अतीतका पुर्खाका इतिहास गौरव गर्न लायकमात्र छैन । जंगलीयुगमा मान्छेले मान्छे पनि मार्थे, खान्थे । रक्षसंस्कृतिमा त रिन तिर्न नसकेका र युद्धमा पराजित भएकाहरू खसी बोका जसरी नै काटिन्थे, खाइन्थे । रावणकालीन लङ्कामा मान्छे काटिने वधशालानै थिए । बजारमा मान्छेका मासु पनि बिक्थे । यस्ता बयानहरू विभिन्न रामायणमा पढ्न पाइन्छन् । रामायणमा उल्लिखित भएर पनि रक्षसंस्कृति मानवसंस्कृतिका रूपमा निरन्तर बनिरहन सकेन । जुन संस्कृति मानवहितमा थिएन, त्यसले निरन्तरता पाएन । चेतनामा विकाससँगै संस्कृतिमा परिवर्तन स्वाभाविक हो ।

नेपाली संस्कृतिका दुई ठूला फलकहरू सनातन र बौद्ध दुवै गोहत्याका पक्षमा थिएनन् । छैनन् । यिनै दुई संस्कृतिको प्राधान्य रहेका नेपाली समाजमा नयाँ पुराना अन्य रैथाने धर्म संस्कृतिहरू पनि गोहत्या प्रधान रहेनन् । यिनै संस्कृतिहरूको समन्वय र सहकार्य नै नेपालको राष्ट्रिय संस्कृति हो । नेपालका सर्वप्राचीन धर्म किरातधर्म । किरात धर्मका आदिदेव महादेव स्वयम् किरात हुन् । उनको वाहन वृषभ अर्थात् गोरू हो । महादेवले आफ्नो गोठमा नन्दा, सुनन्दा, सुरभि, सुशीला र सुमना प्रजातिका गाईहरू बडो आदर पूर्वक पालेको वर्णन शिवमहापुराणमा पाइन्छ । "नन्दा सुनन्दा सुरभिः सुशीला सुमनास्तथा । पन्चगोमातरः प्रोक्ताःशिवलोके व्यवस्थिताः ।" (शिवमहापुराण वायवीय संहिता उत्तरखण्ड अध्याय ३ श्लोक १४४ ।) किरातधर्म संस्कृतिमा गोहत्याको स्वाभाविक सन्दर्भ नै बन्दैन । यो सन्दर्भ खास किरात समाजको उपज होइन । रैथाने उपज होइन । यहाँनिर यसै सम्बन्धमा कोही कविको नेपाली कविताको एक टुक्रा उल्लेख गर्नु प्रासङ्गिक हुन्छ–

सादा सुन्दर प्राणी हुन् गाई गोरू कठैबरा
मासु खानतिनै गाइगोरू नै काट्नुपर्छ र ?
गोरू त बिम्ब हो बिम्ब सेवाको श्रमको पनि
शिवकै साथ पूजिन्छन् शिववाहन हुन् भनी
जहाँ शिव त्यहाँ गोरू जहाँ गोरू त्यहाँ शिव
शिव कल्याणका द्यौता, त्यागी योगी सदाशिव ॥
आदिदेव महादेव शिव साक्षात् किरात हुन्
शिववाहन काटेर तृप्त हुन्छ किरात कुन् ?

नेपालका रैथाने धर्म संस्कृतिमा गोहत्या विधान छैन । विदेशी धर्म संस्कृति ग्रहण गरेर त्यसका आडमा नेपालमा परम्परा विरूद्ध गोहत्या प्रवर्तन गर्न खोज्नु नेपाली समाजमा युगौँदेखि रहिआएको धार्मिक समन्वय र सद्भाव बढार्न खोज्नु हो । यसो गर्नु कसैको हितमा छैन । उत्तेजनामा होइन विवेकमा टेकेर हिँडौं ।❖

–गल्फुटार, काठमाडौं

हार्दिक शुभकामना

विजया दशमी तथा शुभ दिपावली २०८० एवम् नेपाल सम्वत ११४४ को सुअवसरमा यस वडाबासी लगायत देश विदेशमा रहनुहुने समस्त महानुभावहरूमा सुस्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

आशामान संगत, अध्यक्ष तथा

काठमाडौं महानगरपालिका ८ वडा परिवार

जयबागेश्वरी, काठमाडौं

पवित्र पाशुपत क्षेत्रलाई स्वच्छ र सफा राख्न सबैले हातेमालो गरौं ।

हार्दिक शुभकामना

विजया दशमी, शुभ दिपावली २०८० एवम् नेपाल संवत ११४४ को सुअवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीहरूमा सुस्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

सत्सङ्ग परिवार

एवम्

समस्त भक्तजनहरू

जावलाखेल, ललितपुर

जय गौमाता !

हार्दिक शुभकामना

विजया दशमी, शुभ दिपावली २०८० एवम् नेपाल संवत ११४४ को सुअवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीहरूमा सुस्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

मठ मन्दिर गाईबाच्छा बचाऊ तथा समाज विकास अभियान



फूलपसल लाइन, वनकाली, पशुपति क्षेत्र, काठमाडौं
सम्पर्कः ९८४१२०४००६, ९८०८२९७४८५

गौमाताको संरक्षणमा सबैले आआफ्नो क्षेत्रबाट सहयोग गरौं ।

महर्षि व्यासको जन्म

–डा. बद्री पोखेल

पौराणिक कालमा पुरू वंशमा उपरिचर नामका असल राजा थिए । ती राजा अत्यन्त वीर, पराक्रमी र धर्मिष्ठ पनि थिए । उनी सधैं यज्ञ गर्थे, पितृपूजा गर्थे, ब्राह्मण, दुःखी गरिबलाई दान नदिई खादैनथे । राजा उपरिचरले इन्द्रका मित्र समेत भएकाले इन्द्रकै कारणले पृथ्वीको अत्यन्त रमणीय चेदी देशमा राज्य गर्न पाएका थिए ।

चेदी देश उद्योग, उत्पादन, व्यापार सबै दृष्टिले उत्तम थियो । त्यहाँका जनता पनि राजभक्त थिए भने राजा पनि जनताको सुखदुःखका साथी थिए । इन्द्रले राजालाई आकाशमा उड्ने विमान पनि उपहार दिएका थिए । राजा त्यो विमानमा बसेर स्वर्ग र पृथ्वीमा आउ जाउ गर्दथे । यसैगरी राजालाई इन्द्रले युद्धमा शत्रुको शस्त्रास्त्रले घाइते बन्नु नपर्ने वैजयन्ती माला, वृत्रासुरलाई वध गरेको वासको छडी पनि उपहार दिएका थिए । पौरवनन्दन उपरिचर सवै दृष्टिले गौरव गर्न लायक राजा थिए ।

उपरिचरको राज्य चेदी देशमा हरेक वर्ष इन्द्रको विशेष पूजा हुने गर्दथ्यो । राजा उपरिचरले एकपटक इन्द्रले उपहार दिएको लठ्ठी इन्द्रकै श्रद्धाको निमित्त पूजा हुने ठाउँमा गाडेका थिए । राजा उपरिचरकै संझनामा अहिले सम्मपनि इन्द्रको पूजा हुने ठाउँमा लठ्ठी गाड्ने प्रचलन चलिरहेको छ ।

चेदिराज वसु समेत भनिने ती राजा उपरिचरले हरेक वर्ष आफैं पनि इन्द्रको पूजा गर्दथे । त्यो पूजा आयोजना गर्ने र पूजामा उपस्थित हुनेसँग इन्द्र प्रसन्न हुने भनाइ अद्यावधि छ । चेदिराज वसुका वृहद्रथ, प्रत्यग्रह, कुशाम्व (मणिवाहन), मावेल्ल र यदु नामका पाँचवटा छोरा थिए । राजाले छोराहरूलाई पनि आ–आफ्ना नामबाट नगर वसाल्न लगाएका थिए । राजा चेदिराजको राज्यमा शुक्तिमती नामको नदी बग्दथ्यो भने उनैको राज्यमा कोलाहल नामको पर्वत पनि थियो । एकदिन त्यो पर्वतलाई कामवासनाले सतायो (त्यस समयमा नदी पर्वत आदिले पनि मानव शरीर लिन सक्दथे) र नदीलाई बग्नबाट रोकिदियो । नदी रोकिएको खवर राजाका सिपाहीहरूले

राजा समक्ष पुऱ्याए । राजा आएर हेर्दा नदी रोकिएको देखे र त्यो पर्वतलाई लात्तीले हिर्काए । पर्वत फोरियो, नदी बग्यो । त्यो एक रात पर्वतसँग बस्दा नदी गर्भिणी भइन् उनीबाट एउटा छोरा र एउटी छोरी जन्मिए । नदीले ती दुवै छोराछोरीलाई पर्वतबाट मुक्त हुन पाएको खुसीमा राजालाई नै पालन पोषणको जिम्मा दिइन् । राजाले पनि आफ्नै छोराछोरी संझिएर बालबालिकाहरूको पालनपोषण

गर्नथाले । दुवै बालक बढ्दै गए, कालान्तरमा जवान भए । छोरो युवक भई जिम्मेवारी बोधगर्न थालेपछि राजाले छोरालाई सेनापतिमा नियुक्त गरे भने छोरीलाई आफैँले विवाह गरे । राजाले विवाह गरेकी स्त्री गिरिका थिइन् ।

राजा उपरिचर शिकार खेल्न सोखिन थिए । एकपटक शिकार खेल्न जाँदा उनी एउटा अत्यन्त सुन्दर वृक्ष फल फूल लता वनस्पति भएको जंगलमा पुगेका थिए । त्यसैवेला रानी गिरिका ऋतुकाल प्राप्त भएकी र ऋतुकाल सकेपछि असल छोरा पाउँने प्रतिक्षामा वसेकी थिइन् । जंगलमा पुगेकै वेला राजालाई पितृहरूले हिंस्रक पशुहरूको वध गर्ने निर्देशन दिए । पितृहरूको निर्देशन अनुसार राजा हिंस्रक पशुको वधगर्न भनेर जंगल जंगल चाहार्न थाले । राजालाई थकाई लागेर एउटा रूखको फेदमा वसे । थकाईले ग्रस्त भएको हुँदा उनलाई हलुका निद्रा पनि लाग्यो ।

निद्राबाट बिउझेपछि पनि ऋतुमती रानीको संझना गरिरहेका राजाको अकस्मात वीर्य स्खलन भयो । राजाले त्यो वीर्य खेरफाल्न चाहेनन् र ऋतुकाल समाप्त गरेर आफ्नो प्रतिक्षामा बसेकी पत्नीलाई पठाउने इच्छा गरे । उनले त्यसै रूखमा बसेको एउटा वाजलाई देखे र उसलाई एउटा पातमा वीर्य राखेर पत्नी समक्ष पुऱ्याइदिन अराए । वाज वीर्य लिएर उड्यो । उड्दा उड्दै अर्को वाजले उसलाई मासु लिएको ठान्यो र उसँग झगडा गर्न आयो । दुवै वाज आपसमा लडे, लड्दा वीर्य खसेर यमुनाको पानीमा पऱ्यो । पानीमा परेको राजाको वीर्य एउटा माछाले खायो । अन्ततः माछा गर्भिणी भयो ।

अदिका नामकी विख्यात सुन्दरी अप्सरा ब्रह्माजीको श्रापले माछा भएर त्यसै यमुनाको पानीमा खेलिरहेकी थिई । संयोगवस त्यही खेलिरहेको माछो एउटा झलारीको पासोमा पऱ्यो । झलारीले मासु खान भनेर चिरेर हेर्दा माछाभित्र दुई वटा बालकलाई देख्यो । माछाबाट बालक र बालिका जन्मेको देखेर झलारी आश्चर्यमा पऱ्यो र राजा उपरिचरलाई खवर गऱ्यो । राजाले माछाबाट जन्मिएका बालक र बालिका मध्ये बालकलाई आफू समक्ष राखे भने बालिका झलारीलाई नै पाल्नू भनेर जिम्मा दिए । दुवै बढ्दै गए, युवक युवती बने । आमा-माछा काटिने वित्तिकै तिर्यक् योनिबाट माछा हुनुपरेकी अदिका अप्सरा मुक्त भएर स्वर्ग गइन् ।

झलारीले पालेकीले बालिका उसैलाई बावु भन्थिन् । ती बालिकाको शरीरबाट माछाको गन्ध आउनेगर्थ्यो । यसैले झलारीले उनको नाम मत्स्यगन्धा राखेको थियो । मत्स्यगन्धा बावुको काम सघाउन डुङ्गा चलाएर यात्रुलाई वारपार गराउँथिन् । यसै क्रममा उनले एकपटक तीर्थयात्रामा निस्किएका महर्षि पराशरलाई यमुना तर्नु पर्दा डुङ्गा चलाउन लागेकी थिइन् । नदीको वीचतिर पुग्दा अत्यन्त सुन्दरी मत्स्यगन्धालाई देखेर महर्षि पराशर काममोहित भए । उनले मत्स्यगन्धसँग यौन क्रीडाको प्रस्ताव राखे । मत्स्यगन्धाले 'म माछाको गन्ध आउँने स्त्री, तपाईं ठूला ऋषि, त्यसमाथि यस्तो उज्यालो छ, कसरी सम्भव हुन्छ ? त्यस्तो कुरा नगर्नुहोस्' भनिन् । ऋषिले तत्काल कुहिरो सृष्टि गरेर अँध्यारो बनाए र सम्भोगबाट यौन तृप्ति गरे ।

यमुना तरिसकेपछि ऋषि मत्स्यगन्धाबाट छुट्टिएर जान खोज्दा उनले 'म तपाईंलाई एक्लै जान दिन्न, मलाई पनि लैजानुहोस' भनिन् । ऋषिले भने- 'तिमी चिन्ता नगर, म तिम्रो शरीरबाट आउने माछाको गन्धको सट्टा सुगन्ध निस्किएर हजारौं योजन परसम्मपुग्ने बनाइदिन्छु, त्यसबाट तिम्रो नाम योजनगन्धा रहनेछ । तिमीबाट जन्मने बालक अत्यन्त विद्वान्, वेदज्ञ हुनेछ, तिम्रो कीर्ति तीनै लोकमा सधैं फैलिरहनेछ', भनेर बाटो लागे । योजनगन्धा घर गइन् । केही समयपछि उनले हातमा वेदको पुस्तक लिएको एउटा सुन्दर बालकलाई जन्म दिइन् । जन्मने बित्तिकै बालकले भन्यो- 'हे आमा ! म तपाईंलाई दर्शन दिनमात्र आएको हुँ । आवश्यक परेको वेलामा संझनुहोला !' यति भनेर बालक हिड्यो ।

तिनै बालक वेद व्यास थिए । तिनै व्यासले महाभारत, विभिन्न किसिमका पुराणहरू (महापुराण, उपपुराण, औपपुराण, अऔपपुराण र अन्य) समेतको रचना गरेका थिए । ती महापुरूष भगवान् विष्णुको २८ औं अवतार पनि थिए ।❖

-मित्रपार्क, काठमाडौं, हाल अमेरिका

(महाभारत आदिपर्व अध्याय ६३, गीताप्रेस अठारौ संस्कार, वि. सं. २०७५ मा आधारित)

शिव- पार्वती नाच

'नागेंचा प्याखँ'

–श्रीकृष्ण डंगोल

परिचय

नेपाल भाषामा नागेंचा प्याखँ भनिने शिवपार्वती नृत्यलाई नेपालीमा नागेनाथ नाच पनि भनिन्छ । यस नाचमा महादेव अर्थात शिव र पार्वतीको नृत्य हुन्छ। नागेंचा तीन अक्षरबाट बनेको शब्द हो जुन खिं बाजाको बोलबाट निस्किएको मानिन्छ। खिंको दायाँ भागबाट नाङ्ग र चा अनि गे खिंको बायाँ भागबाट निस्कने बोल हो। साधारण अर्थमा नाङ्गो शरीर लिएर प्रदर्शन गरिने नाच नै नागेंचा प्याखँ हो। आधा शरीर नाङ्गो बनाई नृत्य गर्ने एक मात्रै भगवान् छन्, भगवान् महादेव । नाटक, नाच, कथा हेरी पढी सुनि जुन किसिमले आनन्दको अनुभूति हुन्छ उसैलाई रस भनिन्छ । रस नै यस नागेनाथ नृत्यको आत्मा हो । प्राण तत्त्व हो। रसको शाब्दिक अर्थ हो आनन्द । योग र तन्त्रमा शरीर भित्रको उर्जा प्रभावित गर्न मुद्राको उपयोग हुने गर्दछ । मुद्रा एक शक्तिशाली यन्त्र हो । यो नागेंचा प्याखँ मुद्रा देखाई नाचिने नाच हो ।

महादेवका अनेक रूप मध्ये नासःद्यः अर्थात नृत्यनाथ पनि एक हो । कसै कसैले नाटेश्वर पनि भन्दछन् । अभिनयको सम्बन्ध नाचसँग हुन्छ। नाचसँग बाजा हुन्छ। बाजासँग ताल हुन्छ। गित विना नृत्य र नाटक हुनसक्छ तर ताल विना नाच हुँदैन। यो नागेंचा नाच तालको नाच हो। ताल सँगसँगै संगीतसँग पनि नागेंचा नाच हुन्छ। गीत विना पनि नृत्य हुन्छ र बाजासँग भाव निकाली नाटक पनि हुन्छ । नास द्यःलाई नृत्य र नाटकमा मात्र सीमित नगराई नवरसको प्रतीक पनि मानिन्छ । नवरसको भाव नृत्य र नाट्यद्वारा पनि व्यक्त हुन्छ। भीषण भाषण दिने, कथा वाचन गर्ने, नाटक देखाउने, चटक देखाउने, गफ मात्र गरी मानिसलाई प्रभावित पार्ने यावत कला जस्ता विधाहरूमा निपूर्ण हुन नासःद्यःको कृपा शक्ति भएको हुनु पर्दछ ।

संयोग शृंगारलाई रसको राजा भनिन्छ भने वियोग शृंगारलाई रसको रानी मानिन्छ। शृंगार रसलाई रसराज वा रसपति पनि भनिन्छ। रसको संख्या ९ भएको कारणले नवरस पनि भनिन्छ। शृंगार, वीर, करूण, हाँस्य, भयानक, क्रोध, विभत्य, अद्भूत, शान्त गरी नौवटा रस हुन्छन्। जब शिव पार्वतीबीच मधुर मिलन भई प्रेम हुन्छ त्यहाँ शृंगार रस उत्पन्न हुन्छ भने जब शिव पार्वती बीच समागम हुन पाउँदैन, शिव पार्वतीको प्रेम वियोगमा परिणत हुन जान्छ र वियोग शृंगार उत्पन्न हुन्छ ।

किंवदन्ति/ऐतिहासिक प्रमाण

स्त्री लज्जाको स्वरूप हो, लाजको गहना हो। तर त्यसको विपरीत पुरूषमा लज्जा, लजालु स्वभाव त्यति हुँदैन । अधिकांश स्त्री जीवनभरि मनपर्ने एकमात्र पुरुषसँग आनन्दको भोग गर्न रूचाउँछन् । तर कतिपय पुरूषमा त्यो व्यवहार लागू हुँदैन । पुरूषमा उच्छृङ्खल चञ्चलता बढि हुन्छ । यस नाचमा पनि शिवले आफू जवान भएको बेला जुंगा मुसार्दै बाहिरी नारीहरूप्रति दृष्टि राखिदिनाले पार्वतीलाई शिवले दिने माया/प्रेममा कमी आएको भान हुन्छ । निराश पार्वतीको दुःखदेखि नसकेर गुरू खिं नाटेश्वरले शिवको आँखा खोलीदिन पार्वतीलाई कसैले नदेख्ने गरी आफू पछाडी लुकाइदिनु हुन्छ। जीवनमा पुरूषको यहि स्वभावलाई दर्पणको रूपमा देखाउन अनुशासनका गुरू खिं (नाटेश्वर)ले एकदिन शिव (पुरूष तत्त्व)को उच्छृङ्खलको पराकाष्ठालाई नियन्त्रण गर्न आफ्नो पछाडी पार्वतीलाई लुकाई दिनुपरेको हो । शक्ति जहाँ जहाँ तरङ्गित हुनपुग्यो त्यहाँ-त्यहाँ शिव पनि बेचैन/प्रभावित हुन पुग्छन् । शिव आफ्नो शक्ति स्वरूपा

बत्सलालाई आफ्नो वरिपरि नदेखिसकेपछि भावबिभोर हुन पुग्दछन् । आँशुका धारा बगाउन थाल्छन् । रूँदारूँदै आँखा राता राता बनाउन पुग्छन् । नाकबाट सिंगान बगाउन पुग्छन् । सो आँसु र सिंगान दायाँतिर र बायाँतिर तीन तीन पटक नृत्यनाटक हेर्न बसेकाहरूको मुखमा पार्ने भानले फ्याक्छन् । नृत्यनाटक हेर्न बसेका अरू सबै दर्शकहरू सो मज्जाको रस लिन्छन् ।

शिव आफ्नै हातको मुठीले आफ्नै टाउको पिट्दछन् । आफ्नै हातको मुठीले आफ्नै छाती पिट्दछन् । पागलभैंm भई डबली भरी लखतरान भई आफ्नो शरीर समाल्न नसक्ने गरी अनियन्त्रित हुन पुग्दछन् । धेरै समयसम्म पार्वतीसँग

बिछोडमा रहनु परेकोले शिवको मस्तिष्कमा दिग्भ्रम उत्पन्न हुन्छ र उनले सबै नारी जातिलाई आफ्नो अर्धाङ्गिनी जस्तो देख्छन् । शिवले देखेजति नारीलाई आफ्नो अर्धाङ्गिनी ठानेपछि मन बहलाउन, तिनीहरूलाई प्रेममा पार्न आफूसँग भएको चाँदीको गहना देखाउँछन् र आफूसँग आउन अनुनयविनय गर्दछन् । धेरै प्रलोभन देखाउँछन् ।

सुनचाँदी, हिरामोति स्त्री जातिलाई असाध्यै मन पर्दछ । हामी आफैले पनि स्त्रीजातिलाई मन पर्ने वस्तु सुनचाँदी हिरामोति दिन सके उनीहरू खुसी हुन्छन् । शिव दिनरात बिरह बोकी भौतारिदै पार्वती (शक्ति) खोज्छन् । खोज्दा खोज्दै पसिना छुट्छ । धाराको पानी सरह पसिना पुछ्दै निकै थकित देखिन्छन् । सोही पसिना दायाँतिर र बायाँतिर कुदेर नृत्य देखाउँदै पुस्छन् । अँध्यारोमा आफ्नी स्त्रीलाई खोज्न चिराग (टुकी) बाली सारा संसार धाउँछन् । यसरी विभोर भई भौतारिएका शिव करूणा रसमा पर्दछन् र गुरू खिं (नाटेश्वर)ले शिवको विरहदेखि आफ्नो पछाडि लुकाएको पार्वतीलाई सामुन्नेमा प्रदर्शन गर्नुहुन्छ । आफ्नो प्राण भन्दा प्यारी वात्सल्य कि धनी पार्वती देखेपछि शिवमा उमंगको रस (हर्षको रस) पैदा हुन्छ र खुसीको कुनै सीमा रहन्न । त्यसपछि अघि जो जो स्त्रीलाई सुनचाँदीका गहना दिन्छु भनी प्रलोभन देखाई बोलाएका थिए ती सबैलाई बिस्मय रसद्वारा मेरो पत्नी तिमीहरू होइनौ, पार्वती हुन् भनी उनितिर देखाउँछन् । हराएकी पार्वती (शक्ति) पाएका शिवले खुशी साथ रातो रूमाल हल्लाई संकेत दिन्छन् । यसरी हराएको पत्नी शिवले पाउँदा दुवै खुसीले सँगसँगै नाच्न थाल्छन् र बेलाबेलामा आफूलाई छोडेर गएकोमा क्रोध रस प्रकट गरी पार्वतीलाई ख्यालै ख्यालमा मायाले पिटी हिड्छन् । अब फेरि छोडी नजान विनय गरी आग्रह गर्दछन् । यसो हेर्दा गुरू नाटेश्वरले हाम्रो जीवन जिउने कला र व्यवहारको दर्पण यो नृत्य नाटकमार्फत देखाउन खोज्नु भएको छ । कठिन परिश्रम र साधनाबाट प्राप्त शिव र पार्वतीको प्रेम यो ब्रह्माण्डको आदि प्रेम हो । यस नाचमा पनि शिव र पार्वतीको अद्भूत प्रेम देखाउन खोजिएको छ तसर्थ प्रेम एकसँग मात्र हुनुपर्दछ ।

शिवको मुकुट, तासको सुरूवाल, पार्वतीको जामा तथा शिरको मुकुट आदिको अध्ययन गर्दा यो नृत्यको परम्परा किराँतकालीन सभ्यताको झलक दिने खालको छ भनी कुलचन्द्र कोइरालाको आराध्यदेव पशुपति नामक पुस्तकमा लेखिएको पाइन्छ । नृत्यका विभिन्न विधाको विकास ईशापूर्वका सहश्राव्दीमा नै भइसकेको हुँदा शिवपार्वती नृत्यलाई पुरातन कालकै देन भन्न सकिन्छ भनी उनले थप लेखेका छन् । नृत्यको प्रचलन परापूर्वकालदेखि भएपनि यसलाई चाहिने खर्च व्यवस्थापन गर्न पहिलोपटक गिर्वाण युद्ध विक्रम शाह (वि.सं. १८५४-१८७३) ले विक्रम संवत् १८७० को लालमोहरमा चौध मोहर छुट्याइएको उल्लेख छ । यो नृत्य पशुपति अमालकोट कचहरीबाट

सञ्चालन गरिन्छ। नृत्य समाप्तिपछि यसको सबै पोशाक, मुकुट र अन्य गरगहनाहरू अमालकोट कचहरी मै व्यवस्था गरी राखिन्छ। यस नृत्यमा गाउने "चो" तालको "धिरे धिरे चलो..." गीतमा सुरेन्द्र बिक्रम शाहको स्तुति गरिएको साथै "प्रताल" तालको "जय जय नाटेश्वर..." गीतमा पृथ्वी वीर बिक्रम शाहदेव राजाको स्तुति गरिएको देखिएकोले शाह राजाहरूले यसको निरन्तरता र संरक्षणमा राम्रै टेवा दिएको देखिएको छ।

वर्णन

यस नृत्यमा शिव र पार्वती दुवै केटा बालकहरू हुने चलन छ। शिवको (मुकुट) ख्वापा हुन्छ भने पार्वतीको रत्न जडित शिरमा लगाउने मुकुट हुन्छ। शिवपार्वती दुबैको दुबै गोडामा घङ्घला हुन्छ। शिवको तासको सुरूवाल अनि कम्मरभन्दा माथि नाङ्गो शरीर हुन्छ भने पार्वतीको तास कपडाको जामा र चोलो हुन्छ। शिव र पार्वतीको कम्मरमा कालो कपडाको किनारामा चाँदीको झलर र चाँदीका फूलहरूले सजिएको वृत्ताकार पेटी हुन्छ। शिवको कम्मर भन्दा माथि नाङ्गो शरीरमा जयवागेश्वरी मन्दिरको गर्भगृह स्थित देवी महासरस्वतीले धारण गरेको चाँदीको १०८ गोलाकार औंठी जोडी बनाएको एक प्रकारको सिक्री माला हुन्छ जुन घाटीमा कपडाले अगाडि र पछाडि सिक्रीलाई बाँधी घाटीतिर चुच्चो पारी लगाउनु पर्छ। यसरी जगत जननी जयबागेश्वरी माताले धारण गरेको सिक्री लगाउनु भनेको महामाया माँले शिवलाई शक्ति प्रदान गरेको भन्ने मान्यता रहिआएको छ। शिव र पार्वतीको दुवै हातको नाडीमा रातो मलमल कपडाको घडीको संकेत दिने जस्तो कपडा हुन्छ। यस नाचमा एक बालकले रातो मुकुट जसमा नघुम्रिएको कालो जुङ्गा, शिरमा तेस्रो आँखा, तीन ओटा धर्सा (त्रिकुट) र गुम्बज आकारको अर्ध गोलाकार स्वयम्भूको प्रतीक र शिखरजस्तो चुच्चो भएको रातो टोपी लगाएको हुन्छ। पार्वती बन्नेले मुकुट (ख्वापा) लगाउनु पर्दैन।

नृत्य प्रदर्शन गर्ने समय

प्रत्येक बर्ष भाद्र कृष्णपक्ष प्रतिपदाका दिनदेखि तृतीयाको दिनसम्म देवपत्तनमा नागेंचा प्याखँ जात्रा हुने गर्दछ। यो नृत्य जयबागेश्वरी मन्दिरमा आरती सकेपछि त्यहीका पुजारी आचाःजु (कर्माचार्य) पालोवाला आई नासःचोकमा नासः पूजा गरे पछि मात्र यो नृत्य आरम्भ हुन्छ। यो सर्वप्रथम अमालकोट कचहरी अगाडिको नासः चोकबाट शुरू भएर जयबागेश्वरी मन्दिर प्राङ्गण, पशुपति नवग्रह अगाडि, भुवनेश्वरी डबली, नवदुर्गा नचाउने डबली पछि फेरि नासःचोकमा द्यःल्या गरी पहिलो दिनको नृत्य कार्यक्रम सकिन्छ र दोस्रो दिनमा पनि जयबागेश्वरी चोकको नासः चोकमा द्यःल्या गरी पशुपति नाथका मूल भट्ट निवास स्थान र अन्य चार भट्ट निवास स्थानमा नृत्य गराइसकेपछि विश्वरूप मन्दिर अगाडि द्यःल्या पछि अन्तिममा गुह्येश्वरी मन्दिर प्राङ्गणमा नृत्य गराइ दोस्रो दिनको नृत्य कार्यक्रम सकिन्छ। तेस्रो दिन पनि नासः चोकमा द्यःल्या पछि मित्रपार्क चोकबाट पूर्व हेरी द्यःल्या पछि चाबहिलमा चन्द्र बिनायक गणेश मन्दिरको प्राङ्गणमा नृत्य देखाइन्छ र त्यस पश्चात् चारूमती बिहार अगाडीको डबलीमा पूरा नृत्य गराइसकेपछि शिव पार्वती नासः चोकमा अन्तिम द्यःल्या पछि त्यसवर्षको नृत्य कार्यक्रम समापन हुन्छ।

एकपटक छानेका केटा शिव पार्वतीले ५ बर्षसम्म नाच्छन्। त्यसपछि अर्को पुस्ताका केटाहरू तयार गरी नृत्य सिकाउनु पर्दछ। सर्वप्रथम खिंको बोलसँग नृत्यको ताल अनि मुद्रा सिकाइन्छ। ती छानिएका केटा शिवपार्वतीहरू शाक्य, बैद्य, श्रेष्ठ, डंगोल लगायत अन्य नेवार समुदायबाट भाग लिने चलन छ। बाजामा खिं, धा, नायःखिं, ता, भूस्या, छूस्या, छुवाली र मुवाली (जोगि बाजा) हुन्छ। मुवाली (जोगी बाजा) पशुपतिनाथ भण्डार तहबिलबाट व्यवस्थापन हुन्छ। सो बाजा पशुपतिनाथ मन्दिर प्राङ्गणमा दिनहुँ श्रीको भोग चढाउँदा बजाउनु पर्दछ।

यो नृत्य चाबहिल, चारूमती बिहारका बज्रपाणि लोकेश्वरको शाक्य गुठियारहरूबाट सञ्चालन हुन्छ। यस शाक्य गुठीमा आबद्ध भएका गुठियारहरूद्वारा हरेक वर्ष पालैपालो क्रमसंख्या अनुसार यस नागेंचा प्याखँ सञ्चालनको जिम्मा लिने गरी व्यवस्था भएको हुन्छ। यसै गुठियारहरूद्वारा मासिक पालो फेर्ने गरी यस चारूमती बिहार बज्रपाणि लोकेश्वरको बिहान र साँझ नित्य आरती गरी पालोवालाले बिहार संरक्षण र महिनाभरी रेखदेख गर्ने व्यवस्था पनि रहिआएको छ। विक्रमसंवत् २०७०

सालमा शाक्य गुठियारहरू र पशुपति क्षेत्र विकास कोष बीच नृत्य सञ्चालनको सम्बन्धमा कुरा नमिलेपछि नागेंचा प्याखँ स्थगित भएको थियो । विक्रमसंवत् २०७७ सालमा काठमाडौं महानगरपालिकाको आर्थिक सहयोगमा जलद राज बैद्यको अध्यक्षतामा ११ सदस्यीय नागेंचा प्याखँ संरक्षण समितिको स्थापना भई पुनः सञ्चालनको थालनी भयो । २०७८ सालमा कोरोना महामारीले गर्दा प्रशिक्षण पुरा हुन नसकेकोले त्यो सालमा अमाल कोट कचहरी अगाडिको नासः चोकमा द्यःल्या गरी नाच सकाउनु परेको थियो । २०७९ साल भदौ २६, २७ र २८ गते यस नागेंचा प्याखँ परम्परागत रूपले जहाँ–जहाँ नचाउने गरिएको थियो त्यस–त्यस स्थानमा विधिविधान पूर्वक नाच गरी सम्पन्न गरियो । यस वर्ष २०८० सालमा आश्विन १३, १४ र १५ गते परम्परागत स्थानहरूमा नागेंचा प्याखँ सञ्चालन भएको छ ।

विशेषता

नागेंचा प्याखँ नाच सिक्न तीन महिना अवधि लाग्दछ । पहिलो दिन नाच सिक्नको लागि प्रशिक्षार्थीहरूले घरबाट किसली (सानो पालामा चामल भरी त्यसमाथि डबल सिक्का र सिक्का माथि सुपारी) बोकी ल्याउनु पर्दछ । नासःद्यः कहाँ लगेर सम्यबजी ज्योलह सहित पूजा सामग्री लगी पूजा गर्नु पर्छ । पूजा पश्चात् गुरू, शिवपार्वती नाच्ने बालकहरू र उपस्थित सबैले प्रसादको रूपमा सम्यबजी ग्रहण गरी नृत्य सिक्ने विधि शुरू हुन्छ । हरेक बिहीबार सोही क्रमले प्रसादको रूपमा सम्यबजी खाने चलन छ । बा पूजा अर्थात् नृत्य प्रशिक्षण कार्यक्रमको आदि सकिएपछि र नृत्य प्रशिक्षण पूर्ण समाप्ति पछि ठूलो पूजा र भोजको आयोजना गरी नासःद्यः कहाँ समयबजि सहित पूजा सामाग्री लगी पूजागरि प्रसाद ग्रहण गर्ने विधान रहेको छ ।

पहिलो चरणमा द्यः ल्यागु गरी गीत गाई चो, जति, प्रतालमा नृत्य गराइन्छ भन्ने दोस्रो चरणमा खि, धा, नायःखिको तालमा अभिनय हुन्छ र अभिनयको बीचतिर ताण्डव नृत्यमा झै उफ्रिनु हुन्छ । अभिनय गर्दा गीतको धुन र ताल भन्दा बाजा फरक बजेको हुन्छ । गीतमा चो, जति, प्रताल लगायत अनेक ताल हुन्छन् । गीत नेवारी, मैथिली, भोजपुरी, मिस्रीत विविध भाषामा हुन्छन् । गीत फरक खालको छ । यस्तो गीत अन्त कतै गाइँदैन । नागेंचा प्याखँ भगवान् शिवले नाच्ने ताण्डव नृत्य भन्दा फरक खालको नृत्य हो । गीत गाउने अनि बाजाको तालमा भाव निकाली अभिनय गर्ने यसको प्रमुख विशेषता हो । शिव र पार्वती विभिन्न प्रकारले नाटक र नृत्य गरि विभिन्न रसहरू प्रदर्शन गरी अन्तिममा भने दुवै मिल्छन् र एकअर्कालाई चुम्बन गर्दै नृत्य सकिन्छ ।❖

–पशुपति, काठमाडौं



हार्दिक शुभकामना

विजया दशमी तथा शुभ दिपावली २०८० एवम् नेपाल सम्वत ११४४ को सुअवसरमा सम्पूर्ण वडाबासी महानुभावहरूको सुस्वास्थ्य, दीर्घायुतथा उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

भरतलाल श्रेष्ठ

तथा

काठमाडौं महानगरपालिका १ वडा परिवार

नक्साल, काठमाडौं

'श्रीरामकृष्णवचनसुधा'– देखि 'टिस्टादेखि सतलजसम्म'को कथा

■ विक्रमवीर थापा ■

(यस लेखमा "गोर्खा" शब्दलाई शालीन रूपमा प्रस्तुत गरिएको छ कारण प्रस्तुत लेख परमहंस रामकृष्ण, स्वामी विवेकानन्द विषयक अनि भारतीय गोर्खाहरूका चिनारी एवम् अस्तित्वसम्बन्धी कुरा लेख्नुपर्ने भएकोले गर्दा ।

परमहंस रामकृष्ण अनि स्वामी विवेकानन्द भारतका मात्र नभएर विश्वका पनि भगवान्सरह भएकाले उनीहरूको फोटो, पुस्तक देखेपछि नेपाली भाषा जान्ने अन्य समुदायले पनि यो लेख पढ्ने छन् । यसर्थ गोर्खाहरूको सुन्दर कथा नै यो पंक्तिकारलाई यस लेखभित्र सजाउन मन लाग्यो– अरू भाषीहरूले गोर्खाहरू उच्च विचारका छन् भन्ने सोचून् भनेर । यो पंक्तिकार नै स्वयम् गोर्खाको भएको हुनाले गोर्खाको नाम होस् भनेर "रामकृष्ण मिशन विवेकानन्द कल्चरल सेन्टर", शिलाङमा यो पंक्तिकारले स्वामी विवेकानन्दको विशाल तैलचित्र चित्रांकित गरेको हो । प्रस्तुत लेख पनि "सत्यम्, शिवम्, सुन्दरम्" बनोस् भनेर यो पंक्तिकारले यथाशाक्य यस लेखलाई साहित्यिक रंग–रूप दिन खोजेको छ । दिएको कारण अर्को पनि छ । कारण हो– अनर्गल कमेन्ट गर्नेहरूले साहित्यिक रंग–रूप दिएको यो लेख पढेर कस्तो मन्तव्य पोख्ने हुन् भनेर ।)

हिजो दिनांक ७ नोभेम्बर २०२१ बेलुकीपख रामप्रसाद ज्ञवाली अनि उनकी श्रीमती रश्मि ज्ञवाली मेरो कोठामा आएका थिए– एक पन्थ दुई काज लिएर । मलाई भेट्ने पनि तथा स्वामी एकार्थनन्दले काठमाडौंबाट मलाई दिन भनी पठाएको बृहद् पुस्तक "रामकृष्णवचनसुधा" दिन भनेर पनि । यो पुस्तक रामकृष्णको दैन्दिनको कर्म एवम् उनले आफ्ना भक्तजनलाई दक्षिणेश्वरमा प्रवचन दिएको विषयमा लेखिएको छ । मूल बंगला लेखक हुन्– श्री महेन्द्रनाथ गुप्त (श्री 'म') । लेखन शैली दैन्दिनको कुरा डायरीमा लेखिने प्रकारको छ अनि लेखिएको छ– सन् १८८० को दशकदेखि रामकृष्णको मृत्यु नभएसम्मको सत्य कथा । त्यसबेला नरेन्द्रनाथ कलेज पढ्दै थिए अनि रामकृष्णको सेवा गर्न जान्थे । विवेकानन्द भनेर नामकरण भएको थिएन ।

श्री 'म' पनि जाने गर्थे, जो स्कुलका शिक्षक थिए । रामकृष्णको प्रवचन सुन्थे अनि घर आएपछि उनले दक्षिणेश्वरमा त्यो दिन रामकृष्णबाट केके सुने तथा कोकोसँग दक्षिणेश्वरमा भेट भयो भनेर लेख्थे अनि लेख्ने क्रमले गर्दा उनीबाट बृहद् पुस्तक 'रामकृष्णवचनसुधा'को जन्म भयो । यो पुस्तक रामकृष्णको मृत्युपछि छापियो अनि विश्वविख्यात भयो । विश्वका अनेकन् भाषामा अनुवाद भयो । सन् १९४२ मा हिन्दीका महान् साहित्यकार सूर्यकान्त त्रिपाठी 'निराला'–ले यसलाई हिन्दीमा अनुवाद गरे । हिन्दीमा अनुदित यही पुस्तक मलाई "रामकृष्ण विवेकानन्द कल्चरल सेन्टर", शिलाङले उपहारको रूपमा दियो– मैले स्वामी विवेकानन्दको तैलचित्र उक्त सेन्टरका लागि चित्रांकित गरेपछि । मैले यो पुस्तक आद्योपान्त पढेँ भाषाशैली हृदयग्राही भएर । 'निराला'को हिन्दी अनुवाद यति उच्चकोटिको छ कि यो पुस्तक पढ्दा सन् १८८० को दशकमा दक्षिणेश्वरको परिवेशमा पुगिन्छ अनि यस्तो लाग्छ– रामकृष्णले आफ्ना भक्तजनलाई प्रवचन दिइरहेका छन् भर्खरै दिएजस्तो । नरेन्द्रनाथ(विवेकानन्द)–सँग साक्षात्कार हुँदैछ भर्खरै भएजस्तो ।

मलाई उक्त सेन्टरले वर्णित पुस्तक नेपालीमा अनुवाद गरिदिनु भनेर चाहना राखेको थियो । चाहना राखेको बेला म बाबासिरको रोगले आक्रांत भएकोले अनुवाद गर्न सकिनँ ।

'निराला'को हिन्दी अनुवादबाट नै यसबेला जुन पुस्तक मेरो हातमा छ, यही पुस्तकबाट नेपालीमा अनुवाद गरिएको हो भन्ने मलाई लाग्छ । अनुवादक हुन्– प्रा शंकरराज पन्त । अनुवाद गरेकामा उनलाई मुरीमुरी साधुवाद !

यो पुस्तक १११२ पृष्ठको छ भारी-नभारी। प्रकाशक- स्वामी एकार्थनन्द, जो "रामकृष्ण आश्रम" ज्ञानेश्वर, काठमाडौं (नेपाल)का अध्यक्ष हुन् । रामकृष्ण मिशनसँग जोडिनुभन्दा अघि उनको नाम कविराज ज्ञवाली थियो । शिलाङको 'एन्थोनी कलेज'मा पढ्दै थिए। कलेज पढिरहेको बेला सन् १९८९ मा मैले 'युगदृष्टि' नामक पत्रिकाको सम्पादन गरिरहेको थिएँ । त्यही पत्रिकामा कविराज ज्ञवालीको प्रथम कविता 'निहारिका' छपाइदिएको थिएँ ।

मैले सन् १९८३ मा भाइटीका मनाउन दिदीकहाँ आसम गएको बेला उतै दिदीको घरमा बसेर उपन्यास "टिस्टादेखि सतलजसम्म" लेखेको थिएँ- भारतीय गोर्खाहरूको अस्तित्वलाई अरूहरूले विलीन पार्नखोजेको देखेर ।

दिदीको घर प्रायशः तीन महिना जति बसेपछि सन् १९८४को मार्च महिनामा म शिलाङ फर्कें तर एक्लै होइन, साथमा उक्त उपन्यासको पाण्डुलिपि लिएर । शिलाङ फर्कनेबित्तिकै मैले पाण्डुलिपि रामप्रसाद ज्ञवालीलाई दिएँ। उनले पढे। साह्रै मन पराए तर यसलाई कसरी प्रकाशनमा ल्याउने ? समस्या यो थियो । आफैले गोर्खा पल्टनबाट सन् १९८३ मा पेन्सन निस्केपछि जम्मा गरेको सबै पूँजी उपन्यास 'विगतको परिवेशभित्र' छपाउनमा लगाएको तर हाम्रो समाजले आशानुकूल नकिनिदिएर म भिखारी समाजको भिखारी लेखक भएको थिएँ। यसैकारण म फेरि यो उपन्यास छपाउने स्थितिमा थिइनँ ।

अहिले काठमाडौँवासी भएका अविनाश श्रेष्ठ त्यसबेला गुवाहाटी, असममा थिए। उनलाई यस उपन्यासको भूमिका लेख्न लगाएको थिएँ । उनले भूमिका लेखिदिएनन् बरू कालिम्पोंग "उपासक प्रकाशन" लाई पाण्डुलिपि पठाउनू मेरो नाममा, छापिदिनेछ भन्ने सुझाउ दिए। यो सन् १९८४ कै कुरा हो। मैले उनको सुझाउअनुसार "उपासक प्रकाशन" लाई पाण्डुलिपि पठाएँ तर उपासकले छापिदिएनन् शीर्षक ठीक छैन भन्ने खोट देखाएर । पाण्डुलिपि पनि उनले फर्काउन चाहेका थिएनन्। पछि नरबहादुर दाहाल दाज्यूले अति कठिनकासाथ उपासकसँग पाण्डुलिपि मागेर मलाई ल्याइदिए । यो सन् १९८५/८६को कुरा हो ।

सन् १९८६ को जनवरी/फरवरी महिनामा मेघालयको जयन्तिया जिल्लास्थित कोइलाखानीहरूमा काम गर्ने नेपालीभाषी श्रमिकहरूलाई ती ठाउँहरूबाट मेघालय पुलिसले अमानवीय रूपमा उच्छेदन-कार्य गऱ्यो। यो थाहा पाएर सुवास घिसिंगले "गोर्खाल्याण्ड आन्दोलन" गर्न उचित ठाने । यसैकारण यो आन्दोलनलाई गति दिन अर्थात् चर्काउन भनेर आफूले दार्जिलिंग शहरमा त्यहाँका गोर्खाहरू (त्यसबेला गोर्खा भएका थिएनन् । नेपाली नै थिए)लाई जोशपूर्ण दिएको भाषणको क्यासेट निकाले। यो क्यासेट शिलाङमा पनि आइपुग्यो ।

रामप्रसाद ज्ञवालीले यो क्यासेट सुनेपछि उनलाई घिसिंगको भाषण खल्लो, फिका लाग्यो उपन्यास "टिस्टादेखि सतलजसम्म"को अगाडि अनि उनले सम्झे- "विक्रम दाइ हाम्रो नजिक भएकोले उहाँको उपन्यासलाई दाल-भात सम्झियौं । अब दाल-भात सम्झिनु हुन्न । छपाइदिनुपर्छ।"

यस्तो विचार मनमा आएपछि उनले आफ्ना समकालीन मित्र विष्णुप्रसाद गौतम अनि चीरंजीवी ज्ञवालीसँग छपाउने सल्लाह गरे । त्यसपछि तीनजना मित्र मिलेर आफ्ना गोजीका रूपैयाँ मिलाएर उपन्यास "टिस्टादेखि सतलजसम्म" छपाउन भनी सन् १९८६ को जुलाई महिनामा मलाई बनारस पठाए प्रकाशक भएर। यी तीनजना मित्रले प्रकाशन सूचीमा आफ्ना नाम नदिनु भनेर मलाई भनेका थिए तर मेरो मन नमानेर त्यसबेला वि.चि.रा. भनेर प्रकाशकीयअन्तर्गत "हाम्रो भनाइ" मा लेखिदिएँ । वि.चि.रा. को अर्थ विष्णु, चीरंजीवी, रामप्रसाद ।

म जुन प्रेसमा उक्त उपन्यास छपाउन गएको थिएँ, त्यसभन्दा अगावै अविनाश श्रेष्ठ सो प्रेसमा "नेपाली साहित्य परिषद्", असमको मुखपत्र "परिषद् पत्र" छपाउन पुगिसकेका थिए । उक्त उपन्यास छापिने देखेर बल्ल अविनाश श्रेष्ठले भूमिका लेखिदिएका हुन्- नेपाली साहित्य परिषद्, असमको प्रकाशनको नाममा तर वास्तवमा यो परिषद्ले नभएर वि.चि.रा.-ले उपन्यास "टिस्टादेखि सतलजसम्म" छपाइदिएका हुन् ।❖

-चित्लाङ

(रामप्रसाद ज्ञवाली स्वामी एकार्थनन्दका दाजु हुनुहुन्छ)

भगवान् श्रीपशुपतिनाथ विमोचित

श्रीपशुपति अर्चना सुव्यवस्था प्रतिष्ठानले "भगवान् श्रीपशुपतिनाथ" नामक ग्रन्थ लोकार्पण गरेको छ । गत असोज ६ गते एक समारोहको आयोजना गरी सो ग्रन्थ लोकार्पण गरिएको हो । प्रतिष्ठानका अध्यक्ष देवीप्रसाद चापागाईको सभापतित्वमा सञ्चालित लोकार्पण कार्यक्रममा गलेश्वर पीठाधिश्वर अनन्तश्री विभूषित महामण्डलेश्वर डा. स्वामी आत्मानन्द गिरीजी महाराज र नेपाल संस्कृत विश्वविद्यालयका पूर्व शिक्षाध्यक्ष प्रा. विद्यानाथ उपाध्याय भट्टले संयुक्त रूपमा सो ग्रन्थको लोकार्पण गर्नुभएको थियो ।

सम्पादक मण्डलका तर्फबाट प्रतिनिधित्व गर्दै प्रतिष्ठानका विद्वत् परिषद् सदस्य डा. नयनाथ पौडेलले महाग्रन्थको विषयवस्तु र समग्र ग्रन्थको परिचय दिनुभएको थियो । कार्यक्रममा लोकार्पणकर्ताद्वय डा. स्वामी आत्मानन्द गिरी र प्रा. विद्यानाथ उपाध्याय भट्टका अतिरिक्त प्रा. डा. शिवगोपाल रिसाल एवम् सहप्रा. डा. माधवप्रसाद लामिछानेसमेतले महाग्रन्थमा समाविष्ट भगवान् श्रीपशुपतिनाथको तत्त्वदर्शन, उपासना, विवेचना एवम् श्रीपशुपतिनाथको ऐतिहासिक एवम सांस्कृतिक महत्त्वका विषयमा प्रकाश पार्नुभयो ।

करिव १२३८ पृष्ठको महाग्रन्थको स्तुति खण्डमा संस्कृत एवम नेपाली स्तुतिहरू, पद्यहरू समावेश गरिएको छ भने तत्त्वदर्शन खण्ड, उपासना खण्ड एवम् इतिहास संस्कृत खण्ड गरी तीन खण्डमा नेपालका विभिन्न विद्वानहरूका ६४ लेख समावेश गरिएको छ ।

शंकाराचार्य विरचित पशुपति पूजाविधानको पाण्डुलिपी सहित संस्कृत नेपाली अनुवाद राखिएको ग्रन्थमा ११ अनुसूची तथा भगवान् श्रीपशुपतिनाथ र पशुपतिक्षेत्रमा रहेका मूर्त अमूर्त सम्पदाहरू-संस्कृतिहरूको करिव २०० रंगिन छायाचित्र समेत संलग्न गरिएको छ । उक्त महाग्रन्थ धर्मानुयायी जिज्ञासुहरूका लागि संग्रहनीय, पठनीय श्रोत सामग्री हुने प्रकाशक श्रीपशुपति अर्चना सुव्यवस्था प्रतिष्ठानले जनाएको छ ।

नरहरिनाथ आश्रमको केन्द्रिय समितिमा मनोनीत सदस्यलाई स्वागत

अर्चना पोखरेल/ भरतपुर १ चितवन देवघाटधाममा रहेको श्रीवागीश्वरी– आध्यात्मिक परिषद् योगी नरहरिनाथाश्रमको केन्द्रिय समितिमा मनोनित ५ सदस्यलाई आश्रमले गत असोज ७ गते एक कार्यक्रमका बीच स्वागत गर्दै पदस्थापन गरेको छ । आश्रमले आफ्नो नियमित मासिक बैठकको सन्र्दभमा नवमनोनित सदस्यहरूलाई स्वागत गरी पदस्थापन गराएको हो । एक वर्ष अगाडि नै अधिवेशनमार्फत नयाँ समितिको चयन गरेको आश्रमले आश्रमको विधान अनुसार गुरूपद्धतिबाट मनोनित गर्न बाकी ५ जनालाई मनोनयन गरेको हो । परिषद्को विधानको परिच्छेद ४ दफा १५ उपदफा ग मा उल्लेखित व्यवस्था अनुसार ५ सदस्यहरूलाई मनोनयन गरिएको हो । मनोनित हुनेहरूमा योगाचार्य योगी खेचरनाथः, डा. दयानाथ, सिर्जना अर्याल, डिल्लिराम पोखेल र रिना कोइराला हुनुहुन्छ । यस अघि निवार्चन प्रकृयाबाट २२ सदस्यीय केन्द्रीय समिति चयन गरिएको थियो ।❖

करदातालाई अनुरोध !

वहाल कर, सम्पत्ति कर, व्यवसाय कर यही पौष मसान्तसम्म भुक्तानी गरेमा १० प्रतिशत छुट भएको हुँदा यथाशीघ्र भुक्तानी गरी लाभ लिनुहुन सम्पूर्ण वडावासीहरूलाई अनुरोध गर्दछौं । साथै, विजया दशमी तथा शुभ दिपावली २०८० एवम् नेपाल सम्वत ११४४ को सुअवसरमा सम्पूर्ण वडाबासी महानुभावहरूको सुस्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

काठमाडौं महानगरपालिका वडा नं. २९

डिल्लीबजार, काठमाडौं

फरक–फरक धर्म संस्कृति हाम्रो समस्या होइन, सम्पत्ति हो । एक–अर्काको धर्म–संस्कृति, रीतिरिवाज, रहनसहन र चाडपर्वको सम्मान गरौं । एक–आपसमा भेद्भाव नगरौं, धार्मिक–साँस्कृतिक सहिष्णुता कायम राखौं ।

नेपाल सरकार

विज्ञापन वोर्ड

बडा दशैं, शुभ दिपावली २०८० एवम् नेपाल सम्वत ११४४ को हार्दिक शुभकामना !

अब गौरी मासिक इ-पत्रिकामा संसार भरि पनि पढ्न सकिन्छ ।

गौरी अब ईन्टरनेको माध्यमबाट पनि पढ्न सकिन्छ।
www.ushaeduhouse.com

मा गएर निःशुल्क, सशुल्क डोनेशनमा पढ्न सकिने जानकारी गराउँदछौं।

देश तथा विदेशमा रहनु भएका पाठक वर्गले सिधै सर्वसुलभ रूपमा पढ्न सक्नुहुनेछ।

हाम्रा समस्त ग्राहक महानुभावहरुमा बडा दशैं, शुभ दिपावली तथा छठ पर्वको हार्दिक मंगलमय

शुभकामना

भ्याली कोल्ड स्टोर प्रा. लि.
नयाँबजार, काठमाडौं

अरुणसिंह पण्डालवाला
प्रोपाइटर

ॐ

अरुणसिंह पण्डालवाला
गौरीघाट काठमाडौं, मोवाइलः ९८५१२५४२२४,९८४१७४२०९६, ९८४१७८४५०५

सेवाहरुः
वाटरप्रुफ पण्डाल, पाल, गेट, मञ्चका साथै सजावटका लागि सम्पर्क गर्नुहोला साथै बती, जेनेटर र साउन्डसिष्टमका निम्ति समेत सम्झनुहोला ।

शुद्ध, सफा र स्वादिष्ट नेपाली भोजनका लागि सदैव सम्झनुहोला ।

त्रिवेणी भोजनालय

क्षेत्रपाटी, काठमाडौं | फोनः ४२५१९८४

संस्कृत, नेपाली एवम् हिन्दी भाषामा समेत वेद, पुराण, ज्योतिष, कर्मकाण्ड आदि विषयमा विभिन्न धार्मिक पुस्तकहरू चाहिएमा सधैं सम्झनुहोला !

दुर्गा धार्मिक पुस्तक पसल
पशुपति, काठमाडौं
सम्पर्कः ९८४१५२१३५३

Your Printing Solution

"गुणस्तरीय छपाई, सुपथ मुल्य"

किशोर अफसेट प्रेश प्रा. लि.
गोल्कोपाखा, ठमेल, काठमाडौ, फोनः ०१-४०२२५४४

बडा दशैं, शुभ दिपावली २०८० एवम् नेपाल सम्वत ११४४ को हार्दिक शुभकामना !

पशुपति क्षेत्रका मठमन्दिर तथा परम्परागत पुरातात्विक संरचनाहरू बहुमूल्य सम्पति हुन् । यिनीहरूको संरक्षण र संवर्द्धन गर्नु हामी सबैको दायित्व हो ।

"पशुपति क्षेत्र सफा राखौं सभ्यताको परिचय दिऔं ।"

पशुपति क्षेत्र विकास कोष
PASHUPATI AREA DEVELOPMENT TRUST

गो.हु.का. (म.क्षे.हु.नि.द.नं.) १०/०६७/०६८

EUROPE BUSINESS ASSEMBLY
"BEST ENTERPRISE AWARD 2016"
LONDON, UNITED KINGDOM

"THE BIZZ 2016"
BUSINESS EXCELLENCE AWARD
WASHINGTON DC, USA

THE GOLDEN EUROPE AWARD FOR
QUALITY AND COMMERCIAL PRESTIGE
FRANCE

१७ औं वर्षमा प्रवेश

Ever Permeating and Pervading to New Scale of Height of Prosperity

हामी स्थापनाको १६औं वर्ष पूरा गरी १७औं वर्षमा प्रवेश गरेकाछौं । यस सुखद् अवसरमा बैंक परिवार यहाँहरूको सेवामा समर्पित रही बैंकिङ सेवा/सुविधाहरू थप गुणस्तरीय र अझ परिष्कृत गर्दै लैजाने प्रतिबद्धता जाहेर गर्न चाहन्छौं ।

साथै

जस्तोसुकै अवस्थामा पनि बैंकको प्रगति र दिगो उपलब्धिमा सधैं सद्भाव, सहयोग र सदाशयता राख्ने सम्पूर्ण आदरणीय ग्राहकवर्ग, संघ संस्थाहरू, नियामक निकाय, सञ्चारकर्मी, कर्मचारी लगायत शुभेच्छुकहरूमा हार्दिक आभार प्रकट गर्दछौं ।

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड